# प्रभाव दैनिक
National Daily

पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल–७, काठमाडौं
०१-४३७३५७७, ९७६१८१५४००,
९८४११५१२१७, ९८४१२४६२६९
marketing2prabhab@gmail.com

वर्ष ११ | अंक २८० | काठमाडौं | मंगलबार, २२ माघ २०८१ | Prabhab National Daily | Tuesday, February 04, 2025 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-


# केबलकार निर्माण स्थगनमा सहमति जुटेन

## आज फेरि छलफल

■ जेबी योञ्जन

**काठमाडौं–** ताप्लेजुङको मुक्कुम्लुङ (पाथीभरा) मा केबलकार निर्माणको विषयलाई लिएर उत्पन्न विवाद समाधानका लागि सरकारी वार्ता टोली र 'नो केबलकार' पक्षले गठन गरेको सहजीकरण समितिबीच सोमबार भएको छलफल निष्कर्षविहीन बनेको छ । सोमबार अबेरसम्म चलेको छलफलको क्रममा केबलकार निर्माणको काम स्थगन गर्न सरकारी वार्ता टोली सकारात्मक नभएपछि छलफल निष्कर्षविहीन भएको सहजीकरण समितिका संयोजक प्राज्ञ अमर तुम्याहाङले बताए ।

'वार्तामा बस्नुअघि हामीले केबलकार निर्माण कार्य रोकिनुपर्छ, मेसिनहरू फिर्ता ल्याउनुपर्छ भन्यौं,' उनले प्रभावसँग भने, 'हाम्रो मागमा सरकारी वार्ता टोली सहमत हुन सकेन ।'

आन्दोलनरत पक्षको दोस्रो माग पक्राउ परेकाहरूको रिहा गर्न र तेस्रो माग नामजागेँ (काफ्लेपाटी)मा राखिएको नेपाल प्रहरी र सशस्त्र प्रहरीलाई फिर्ता बोलाउने विषयमा भने सरकारी वार्ता टोली सकारात्मक भएको तुम्याहाङले बताए ।

सरकारी वार्ता टोलीका संयोजक सहसचिव प्रेमप्रसाद भट्टराईले पनि केबलकार निर्माण कार्य जारी राखेर समस्याको समाधान खोजौं भनेर भनिएको र त्यसमा सहजीकण समिति सहमत नभएको बताए । उनले आन्दोलनरत पक्षबाट गठित सहजीकरण समितिसँगको छलफल सकारात्मक रहेको पनि बताए ।

क्रमशः पृष्ठ २ मा

> वार्तामा बस्नुअघि हामीले केबलकार निर्माण कार्य रोकिनुपर्छ, मेसिनहरु फिर्ता ल्याउनुपर्छ भन्यौं । हाम्रो मागमा सरकारी वार्ता टोली सहमत हुन सकेन ।
>
> ■ **अमर तुम्याहाङ**
> **संयोजक, वार्ता सहजीकरण समिति**

> केबलकार निर्माण कार्य जारी राखेर समस्याको समाधान खोजौं भन्यौं, त्यसमा सहजीकरण समिति सहमत भएन । तर, छलफल सकारात्मक भयो ।
>
> ■ **प्रेमप्रसाद भट्टराई**
> **संयोजक, सरकारी वार्ता टोली**

## १५८ जना आन्दोलनकारीले दिए सामूहिक गिरफ्तारी

आमहड्तालको क्रममा आइतबार सुनसरीको इटहरीबाट पक्राउ परेका छ जना 'नो केबलकार'का आन्दोलनकारीलाई रिहा माग गर्दै १५८ जना आन्दोलनकारीले सामूहिक गिरफ्तारी दिएका छन् । इलाका प्रहरी कार्यालयमा उनीहरूले सोमबार स्वेच्छिक गिरफ्तारी दिएका हुन् ।

यातायात बन्दको क्रममा प्रहरीले आइतबार जसपाका नेता सुमन चेम्जोङसहित छ जना युवालाई पक्राउ गरेको थियो । पक्राउपछि सात दिनको म्याद थपेपछि धरानमा सोमबार साँझ आन्दोलनकारीहरूले सामूहिक गिरफतारी दिएका हुन् । '१५८ जनाले सामूहिक गिरफ्तारी दिएका हौं । किनभने हाम्रा योद्धाहरूलाई पक्राउ गरेर थुन्यो । त्यसको प्रतिरोधमा हामीले यस्तो कदम चाल्यौं,' जनता समाजवादी पार्टीका नेता ताजुब लिम्बूले बताए ।

इलाका प्रहरी कार्यालय धरानका डिएसपी प्रकाश जवेगू लिम्बूले भने प्रहरीले उनीहरूलाई गिरफ्तार नगरेको बताए ।

# राजनीतिमा फर्किए पूर्वउपराष्ट्रपति पुन

- सोमबार बसेको पदाधिकारी बैठकले पूर्वराष्ट्रपति पुनलाई दियो उत्पादन विभागको जिम्मेवारी
- २०७२ कात्तिक १३ गते उपराष्ट्रपतिमा निर्वाचित भएसँगै पुनले पार्टी छाडेका थिए
- दोस्रो कार्यकाल पनि उपराष्ट्रपति भएका उनी नौ वर्षपछि राजनीतिमा
- दुईपटक राष्ट्रपति बनिसकेकी विद्यादेवी भण्डारी पनि सक्रिय राजनीतिमा 'कमब्याक' भइ एमालेको नेतृत्व लिने कसरतमा



■ प्रभाव संवाददाता

**काठमाडौं-** पूर्वराष्ट्रपति नन्दकिशोर पुन सक्रिय राजनीतिमा फर्किएका छन् । पुनले नेकपा माओवादी केन्द्रको उत्पादन विभाग प्रमुखको जिम्मेवारी पाएसँगै सक्रिय राजनीतिमा फर्किएका हुन् ।

माओवादी केन्द्रको पदाधिकारी बैठकमा आमन्त्रित सदस्यका रूपमा सहभागी हुँदै आएका उनको 'कमब्याक'लाई माओवादीभित्रै विरोध भएको थियो । यद्यपि, उनलाई माओवादी अध्यक्ष पुष्पकमल दाहालको निवासमा सोमबार बसेको पदाधिकारी बैठकले उत्पादन विभागको जिम्मेवारी दिएको हो । यसबारे नीतिगत निर्णय भए पनि अझै केही मिलाउन बाँकी रहेको माओवादी केन्द्रका उपाध्यक्ष अग्नि सापकोटाले बताए । 'विभागहरूको जिम्मेवारीको नीतिगत निर्णय भएको छ । प्राविधिक त्रुटि मिलाएर पछि सर्कुलर आउँछ,' पार्टी प्रवक्तासमेत रहेका सापकोटाले भने ।

माओवादीमा हाल ३५ विभाग छन् । यद्यपि पुनलाई जिम्मेवारी दिएको भनिएको उत्पादन विभाग भने छैन । यसकारण उनलाई अर्थ र उद्योग हेर्नेगरी जिम्मेवारी दिइनेसमेत बताइएको छ ।

२०७२ कात्तिक १३ गते उपराष्ट्रपतिमा निर्वाचित भएसँगै पुनले पार्टी छाडेका थिए । यसपछि दोस्रो कार्यकाल पनि उपराष्ट्रपति भएका उनी नौ वर्षपछि राजनीतिमा फर्किएका हुन् । २०७९ चैत ६ गते उपराष्ट्रपतिको भूमिकाबाट बाहिरिएका उनी पटक-पटक माओवादीको राजनीतिमा फर्किने चर्चा चलेको थियो ।

माओवादी पदाधिकारी बैठकमा उनको कमब्याकलाई लिएर प्रश्नसमेत उठेको थियो । जसकारण माओवादी अध्यक्ष दाहालले पुन आफैं राजनीतिमा सक्रिय हुन चाहेको तर्क गर्थे । अध्यक्ष दाहालले पुनलाई उपाध्यक्ष बनाउने प्रयास गरे पनि विधानअनुसार नमिल्ने भएपछि अहिले विभाग प्रमुख बनाएको बताइएको छ ।

### तीन इञ्चार्जको जिम्मेवारी खोसियो

माओवादी पदाधिकारी बैठकले मधेस प्रदेश, बागमती प्रदेश र सार्क समिति प्रदेशको इञ्चार्जको जिम्मेवारी खोसेको छ । मधेसबाट लिलामणि पोखरेल, बागमतीबाट अग्नि सापकोटा र सार्क प्रवासबाट पम्फा भुसालको जिम्मेवारी खोसिएको हो । माओवादी उपाध्यक्ष सापकोटाले भने महासचिवभन्दा माथिका पदाधिकारीले भुगोल नहेर्ने भनी निर्णय भएसँग अरु नेतालाई जिम्मेवारी दिएको बताए । मधेसमा पोखरेलको ठाउँमा मातृका यादव, बागमतीमा सापकोटाको ठाउँमा हितमान शाक्य र सार्कमा लक्ष्मण पन्तलाई जिम्मेवारी दिइएको छ ।

कोशीमा हरिबोल गजुरेल, गण्डकीमा दिनानाथ शर्मा, लुम्बिनीमा चक्रपाणि खनाल, कर्णालीमा कालीबहादुर मल्ल, सुदूरपश्चिममा गिरिराजमणि पोखरेलको जिम्मेवारी यथावत् राखिएको छ ।

क्रमशः पृष्ठ २ मा

## पूर्वराष्ट्रपति भण्डारीको पनि 'कमब्याक' प्रतीक्षा



दुईपटक राष्ट्रपति बनिसकेकी विद्यादेवी भण्डारी पनि नेकपा एमालेलाई नेतृत्व गर्ने कसरतमा छिन् । हिजोआज भण्डारी सक्रिय राजनीतिमा फर्कने विषय ट्रेन्डिङमै रहेको छ । उनको निवास भंगालमा एमाले नेता कार्यकर्ताको दैनिक भीड लाग्छ ।

एमालेका अधिकांश नेताहरू अहिले प्रधानमन्त्रीसमेत रहेका अध्यक्ष केपी शर्मा ओली गुटबाट विस्तारै भण्डारी खेमामा प्रवेश गरिरहेका छन् । यसैले पनि गुटबन्दी नगरिदिन आग्रह गर्न ओली पुस १८ गते भंगाल पुगेका थिए । केन्द्रीय कमिटी बैठकअघि ओली भण्डारीलाई भेट्न उनको निवास पुगेका थिए ।

भण्डारीले आफू सक्रिय राजनीतिमा फर्कने तयारी थालेसँगै सचिवालयलाई सक्रिय बनाएकी छन् । एमालेमा नेतृत्व गर्ने अरु नेता नदेखिएसँगै ओली आफैंले पनि भण्डारीलाई नेतृत्वका लागि तयारी अवस्थामा रहन आग्रह गरेको बताइन्छ ।

**सन्दर्भ: वैदेशिक रोजगार**

## लोकतान्त्रिक एसोसिएसनमा विवाद

# गुरुङलाई उम्मेदवार बनाउने निर्णय सच्याउन दबाब

### अध्यक्ष थापा प्रलोभनमा परेको आरोप, निर्णय नसच्याए संस्थाबाटै अलग्गिने खनालको चेतावनी



म नै पार्टी सभापति हुँ भनेजसरी अध्यक्षले एकलौटी निर्णय लिनुभएको छ, यो निर्णय सच्याइनुपर्छ । उहाँ कस्तो प्रलोभनमा लोभिर अघिल्लो निर्वाचनको बागीलाई उम्मेदवार बनाउनुभयो, थाहा छैन ।

■ **कुमुद खनाल**
**उम्मेदवार आकांक्षी**



विगतमा आकांक्षी र पूर्वअध्यक्षहरु एक ठाउँमा बसेर छलफल गरेपछि पनि निष्कर्षमा नपुगे पार्टीको प्रतिनिधिले टुंग्याउने गरिन्थ्यो । यसपालि अघिल्लो दिनसम्म आकांक्षीबीच छलफल हुँदै गर्दा एक्कासि निर्णय भएछ ।

■ **मेघनाथ भुर्तेल**
**उम्मेदवार आकांक्षी**



म पनि एउटा आकांक्षी त हो नि, मैले निर्णय गर्ने हो र ? एसोसिएसनको कार्यसमितिले गर्ने निर्णयमा मैले के गर्न सक्छु ।

■ **भुवनसिंह गुरुङ**
**अध्यक्षका उम्मेदवार**



आकांक्षीहरुको कार्यपत्र प्रस्तुतीकरणपछि कार्यसमितिको बैठक बसेर सदस्यहरुले यो-यो उमेदवार ठीक हुन्छ भनेका आधारमा कार्यसमितिले निष्पक्ष रुपमा उम्मेदवार टुंग्याएको हो ।

■ **दीपक थापा**
**अध्यक्ष**

■ ममता थापा

**काठमाडौं–** नेपाली कांग्रेसको शुभेच्छुक संस्था लोकतान्त्रिक वैदेशिक रोजगार एसोसिएसन फेरि किचलोमा फसेको छ । नेपाल वैदेशिक रोजगार व्यवसायी संघको आसन्न निर्वाचनका लागि उम्मेदवार छनोटको विषयले एसोसिएसनमा आबद्ध व्यवसायीहरू विभाजित भएका हुन् ।

अघिल्लो निर्वाचनमा आन्तरिक किचलोकै कारण संघको नेतृत्व गुमाएको एसोसिएसनले यसपटक पनि त्यही नियति दोहोऱ्याउने संकेत गरेको छ । एसोसिएसनले संघको अध्यक्षमा भुवनसिंह गुरुङलाई उम्मेदवार बनाउने निर्णय सार्वजनिक गरेको छ । तर, असन्तुष्ट एवं अध्यक्ष पदका अन्य आकांक्षीहरूले गुरुङलाई उम्मेदवार बनाउने निर्णय नसच्याए संस्थाबाटै अलग्गिने चेतावनीसमेत दिएका छन् ।

क्रमशः पृष्ठ २ मा

## निर्वाचन प्रचारप्रसार समिति गठन

लोकतान्त्रिक वैदेशिक रोजगार एसोसिएसनले नेपाल वैदेशिक रोजगार व्यवसायी संघको आसन्न निर्वाचनलाई लक्षित गरी निर्वाचन प्रचारप्रसार समिति गठन गरेको छ । एसोसिएसनले संस्थापक अध्यक्ष तिलकबहादुर रानाभाटको संयोजकत्वमा १५१ सदस्यीय प्रचारप्रसार समिति गठन गरेको हो ।

समितिमा सात जना उपसंयोजक बनाइएको छ । जसमा यमबहादुर केसी, किरणकिशोर घिमिरे, विमलप्रसाद ढकाल, प्रज्ञान न्यौपाने, हंसराज वाग्ले, नरेन्द्रप्रसाद ढकाल र कुमुद खनाल रहेका छन् । लोकतान्त्रिक एसोसिएसनमा आबद्ध सम्पूर्ण महासमिति सदस्य/ महाधिवेशन प्रतिनिधि, पूर्वपदाधिकारीलगायत समितिमा राखिएको एसोसिएसनले जनाएको छ ।




पृष्ठ १ बाट क्रमशः

## राजनीतिमा फर्किए...

त्यस्तै विशेष प्रदेश इन्चार्जमा जयपुरी घर्ती, सम्पर्क समन्वय विशेषमा लिलामणि पोखरेल, प्रवास युरोप-अमेरिका इन्चार्जमा राम कार्की र प्रवास एसियामा ओम शर्मा तोकिएका छन् ।

### दाहालको सचिवालय हेरफेर

माओवादी अध्यक्ष दाहालनिकट मानिने रमेश मल्ललाई स्वकीय सचिवबाट बिदाइ गरेर उनको ठाउँमा गोविन्द आचार्यलाई तानिएको छ । मल्ल लामो समयदेखि दाहालको सचिवालयमा थिए । आचार्य नेपाल पत्रकार महासंघका पूर्वअध्यक्ष हुँदै दाहाल प्रधानमन्त्री भएका बेला प्रेस सल्लाहकार थिए ।

२०७८ कात्तिकमा जोखवहादुर महरालाई विस्थापित गरेर दाहालको स्वकीय सचिव नियुक्त भएका सल्यानका मल्ललाई सक्रिय राजनीतिको जिम्मा दिने तयारी गरेको छ। यसअघि दाहालका निजी अंगरक्षक रहेका युवराज दुलाल अहिले बागमती प्रदेशमा दुईपटक प्रदेशसभा सदस्य निर्वाचित हुँदै मन्त्री भइसकेका छन् ।

■■■

## केबलकार निर्माण...

भट्टराई संयोजक रहेको सरकारी वार्ता टोलीमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका उपसचिव महेन्द्रकुमार सापकोटा, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका उपसचिव राकेश गुरुङ र सहरी विकास मन्त्रालयका उपसचिव झपटसिंह विश्वकर्मा छन् । 'नो केबलकार' पक्षबाट प्राज्ञ तुम्याहाङले नेतृत्व गरेको सहजीकरण समितिमा अधिवक्ता शंकर लिम्बू, राम मादेन, सरस्वता सिंगक रहेका छन् । सोमबारको छलफलमा सरकारी वार्ता टोलीका सबै र आन्दोलनरत पक्षका अधिवक्ता लिम्बूबाहेक थिए ।

'नो केबलकार' पक्षले कर्मचारीको नेतृत्वमा गठित वार्ता समितिले समस्यालाई तार्किक निष्कर्षमा पुऱ्याउन नसक्ने भन्दै आएको छ। त्यही भएर राजनीतिक नेतृत्वको नेतृत्वमा गठन हुने वार्ता टोली हुनुपर्ने माग अघि सारेको छ। तर, त्यसअघि सहसचिव भट्टराई नेतृत्वकै सरकारी वार्ता टोलीसँग वार्ता बस्न वातावरण बनाउनका लागि भन्दै गठित सहजीकरण समितिले सोमबार छलफल गरेको हो । समिति संयोजक तुम्याहाङे मंगलबार ११ बजे फेरि होटल हिमालयन कुपन्डोलमा दुवै पक्षको बैठक बस्ने भएको जानकारी दिए ।

उनले वार्तामा बस्ने आधार नै निर्माण भइनसकेको भन्दै पूर्ववत् आन्दोलनका कार्यक्रमलाई जारी राखेको पनि बताए । आन्दोलनरत पक्षले केबलकार निर्माण परियोजना खारेजीको माग गरेको छ। तर, सुरक्षा घेराबीचबाट केबलकार निर्माण कार्य जारी छ । केबलकार निर्माणमा मुख्य लगानी नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्र ढकालको छ । त्यहाँका स्थानीय आदिवासी लिम्बू समुदायले भने केबलकार निर्माण गरिए मुन्धुमीस्थल मुक्कुम्लुङ भनिने पाथीभराको महिमा नामेट हुने भन्दै चिन्ता प्रकट गर्दै आएका छन् । लिम्बू तथा हिन्दू समुदायको धार्मिक तथा सांस्कृतिक केन्द्रमा कुनै एक व्यापारीलाई पैसा कमाउने थलो बनाउन नहुने तर्क पनि सुनिने गरिएको छ ।

यद्यपि, मुक्कुम्लुङ भनिने पाथीभरालाई लक्षित गरी ताप्लेजुङको फुंलिङ नगरपालिका-१० काफ्लेपाटीदेखि मन्दिर छेउसम्म २.७ किलोमिटर लामो केबलकार निर्माण कार्य भइरहेको छ । ढकाल नेतृत्वको पाथीभरा मुक्कुम्लुङ केबलकार प्रालिले केबलकार निर्माणको काम गरिरहेको हो । २०७५ सालदेखि त्यस क्षेत्रमा केबलकार बनाउन हुँदैन भन्दै खासगरी लिम्बू समुदायले विरोध गर्दै आएका छन् ।

तर, स्थानीय सरकार (फुङ्लिङ नगरपालिका), प्रदेश सरकारदेखि संघ सरकारसम्मै एमाले नेतृत्वमा भएपछि केबलकार निर्माणको कार्य धमाधम भइरहेको छ । फुङ्लिङका मेयर अमिर मादेनले कुनै पनि हालतमा केबलकार निर्माण हुने र त्यसका लागि कसैले अवरोध गर्न चाहे पनि काम अवरुद्ध नहुने भन्दै आएका छन् । कोशी प्रदेशमा एमालेबाट मुख्यमन्त्री भएका हिक्मत कार्कीले केबलकार निर्माण प्रयोजनकै लागि भनेर सशस्त्र प्रहरीलाई काफ्लेपाटी क्षेत्रमा खटाएको छ । केन्द्र सरकार मातहत रहने जिल्ला प्रशासन कार्यालय ताप्लेजुङले ठूलो संख्यामा नेपाल प्रहरी परिचालन गरेको छ। त्यहाँबाट प्रतिनिधिसभामा प्रतिनिधित्व गर्ने एमाले सांसद योगेशकुमार भट्टराई खुलेरै केबलकार निर्माणको पक्षमा लागेका छन् ।

यसले गर्दा आन्दोलनरत पक्षको माग सुनुवाई गर्ने पक्षमा तत्काल सरकार देखिएको छैन । उता आन्दोलनकारीहरूले पनि आइतबारदेखि अरुण-सभाखोला पूर्वका नौ जिल्ला ताप्लेजुङ, पाँचथर, इलाम, संखुवासभा, तेह्रथुम, धनकुटा, झापा, मोरङ र सुनसरीमा आमहड्तालालाई जारी राखेका छन् । आमहड्तालका कारण जनजीवन प्रभावित बनेको छ ।

यही १२ माघका काफ्लेपाटी नजिकै रहेको बलुडाँडामा आन्दोलनकारी र सशस्त्र प्रहरीबीच तनाव भएको थियो । त्यसबेला सशस्त्र प्रहरीले गोली चलाएको थियो । गोली लागेर तीन जना आन्दोलनकारी गम्भीर घाइते भए । दुई जना घाइते भए । सामान्य घाइते थुप्रै भए । गृह मन्त्रालयका अनुसार सशस्त्र प्रहरीतर्फ पनि २१ जना घाइते भएका थिए । सोही घटनापछि आन्दोलनरत पक्षले आन्दोलनलाई थप चर्काएका हुन् ।

■■■

## गुरुङलाई उम्मेदवार...

गत निर्वाचनमा गुरुङले बागी उम्मेदवार बनेर एसोसिएसनको आधिकारिक उम्मेदवारलाई हराउन भूमिका खेलेको उनीहरूको आरोप छ ।

गुरुङलाई उम्मेदवार बनाउने निर्णयको विरोधमा अन्य छ जना आकांक्षी उभिएका छन् । वर्तमान महासचिव मेघनाथ भुर्तेल, एसोसिएसनका पूर्वअध्यक्ष कुमुद खनाल, चिरञ्जीवी बस्याल, प्रज्ञान न्यौपाने, सुजितकुमार श्रेष्ठ र किशोर केसी अध्यक्षको उम्मेदवार बन्न दाबेदार रहेका छन् ।

आकांक्षीमध्येका खनालले लोकतान्त्रिक पद्धतिमा विश्वास राख्ने संस्थाले विद्रोहीको आवाजलाई नजरन्दाज गरे संस्थामा बसिरहनुको औचित्य नहुने चेतावनी दिएका छन् । उनले गुरुङलाई उम्मेदवार बनाउने निर्णय कार्यसमितिको निर्णय एकपक्षीय भएको दाबी गरे । पार्टी प्रतिनिधिको रोहबरमा गर्नुपर्ने निर्णय अध्यक्षलगायत सीमित पदाधिकारी मध्यरात बसेर गरेको उनको आरोप छ ।

'कतिपय आकांक्षीले भोटिङमा जाऔं भन्दा पनि कार्यसमितिका १२-१५ जना व्यक्तिहरूले सार्वजनिक बिदाको दिन मध्यरातमा निर्णय गरे,' खनालले भने, 'पार्टी सभापति शेरबहादुर देउवा र महामन्त्रीलाई पनि भेटेर निर्णय सच्याउन माग गरेका छौं । पार्टीको पोखराको कार्यक्रम २४ गते सकिएपछि यसको निर्क्योल हुन्छ ।'

पार्टीको प्रतिनिधिको अनुपस्थितिमा गरिएको निर्णय मान्य हुने हो भने शुभेच्छुक संस्थालाई खारेज गर्नुपर्ने उनले बताए । एसोसिएसनका अध्यक्ष दीपक थापा अघिल्लो निर्वाचनको बागी उमेदवार रहेका गुरुङको प्रलोभनमा परेर टिकट दिएको आरोपसमेत खनालले लगाए । 'म नै पार्टी सभापति हुँ भनेजसरी अध्यक्षले एकलौटी निर्णय लिनुभएको छ, यो निर्णय सच्याउनुपर्छ,' उनले भने, 'उहाँ कस्तो प्रलोभनमा लोभिनुभयो थाहा छैन ।'

अर्का आकांक्षी भुर्तेलले यदि अघिल्लोपटक संस्थाको निर्णयविपरीत जाने उमेदवारलाई पुनः उठाए त्यसले गलत थिति स्थापित गर्ने बताए । सामान्य छलफलसमेत नगरी निर्णय गरिनु अलोकतान्त्रिक हुनुका साथै शंकास्पद भएको उनको भनाइ छ । 'विगतमा आकांक्षी र पूर्वअध्यक्षहरू एक ठाउँमा बसेर छलफल गरेपछि पनि निष्कर्षमा नपुगे पार्टीको प्रतिनिधिले टुंग्याउने गरिन्थ्यो,' भुर्तेलले भने, 'यसपालि अघिल्लो दिनसम्म आकांक्षीबीच छलफल हुँदै गर्दा एक्कासि निर्णय भएछ, भोलिपल्ट समाचारमा आउँदामात्र थाहा भयो ।'

गुरुङले अघिल्लोपटक बागी उठेर संस्थालाई पराजय भोग्न बाध्य गराएको उनले बताए । यद्यपि गुरुङको उमेदवारीमा प्रश्न चिह्न खडा भए पनि लोकतान्त्रिक प्रक्रियाबाट गुरुङको नाम टुंगिए मान्न तयार रहेको भुर्तेलले बताए ।

यता कार्यसमितिबाट अध्यक्षका उम्मेदवार बनेका गुरुङले यो निर्णय गराउन एसोसिएसनमा आफूले कसैलाई पनि प्रभावमा नपारेको प्रस्ट पारे । अरु आकांक्षीसरह प्रक्रियागत हिसाबले गएकामा कार्यसमितिले आफूलाई छनोट गरेको उनले बताए । 'म पनि एउटा आकांक्षी त हो नि, मैले निर्णय गर्ने हो र ? एसोसिएसनको कार्यसमितिले गर्ने निर्णयमा मैले के गर्न सक्छु' गुरुङले भने ।

### उम्मेदवार छनोट निष्पक्षरूपमा गरिएको हो : अध्यक्ष थापा

एसोसिएसनका अध्यक्ष थापाले कार्यसमितिले निष्पक्ष हिसाबले उमेदवार टुंग्याएको बताए । 'उमेदवारको कार्यपत्र प्रस्तुतीकरणपछि कार्यसमितिको बैठक बसेर, सदस्यले यो-यो उमेदवार ठीक हुन्छ भनेका आधारमा कार्यसमितिले निर्णय लिएको हो,' अध्यक्ष थापाले भने, 'दिउँसो १ बजे सुरु भएको छलफल राति साढे नौ बजेसम्म चलेको थियो, त्यसलाई मध्यरात भन्न मिल्दैन ।'

अघिल्लो निर्वाचनमा कार्यसमिति नै आधा-आधामा विभाजित भएको अवस्थामा दुवै पक्षले आफू आधिकारिक भनेर दाबी गरेकाले पार्टीले नै 'जो जितेर आउँछ उही आधिकारिक हो' भनेको उनको भनाइ छ ।

यदि पार्टी महामन्त्रीसँग बसेर छलफल गर्नुपरे पनि आफूहरू तयार रहेको उनले बताए । पार्टीको प्रतिनिधि नराखी निर्णय गरेको आरोपबारे प्रश्न गर्दा उनले भने, 'पार्टीको प्रतिनिधि विभागीय प्रमुख प्रकाश रसाइलीले कसलाई छान्ने भन्ने विषयमा कार्यसमितिले निर्णय गर्ने हो, जस्तो निर्णय हुन्छ त्यो कांग्रेसको आधिकारिक निर्णय हुन्छ भनेर कार्यसमितिलाई जिम्मा दिनुभएको हो ।'

रसाइली उक्त दिन उपस्थित नभए पनि छलफलका क्रममा उपस्थित भएको अध्यक्ष थापाको भनाइ छ ।

---

# फेदाप गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
**पोक्लावाङ, तेह्रथुम**
**कोशी प्रदेश, नेपाल**

## बोलपत्र आव्हानको सूचना

**प्रथम पटक प्रकाशित मितिः २०८१/१०/२१**

यस फेदाप गाउँपालिकाको लागि आ.व. ०८१/०८२ मा स्वीकृत योजना तथा कार्यक्रम अन्तर्गत तपसिलमा उल्लेखित योजना बोलपत्र प्रकृयाबाट सञ्चालन गर्नु पर्ने भएको हुँदा इच्छुक सप्लायर्सबाट रितपूर्वकको E-Bidding (विद्युतिय बोलपत्र) आह्वान गरिएको छ ।

| क्र.स | ठेक्का नं. | ठेक्का विवरण | ल.ई. रकम (मु.अ.कर र पि.एस सहित) | धरौटी रकम | बोलपत्र पेश गर्ने प्रकृया | वोलपत्र दस्तुर |
|---|---|---|---|---|---|---|
| १ | PHRM/NCB/04/2081/082 | Chichiling Pokhari Tatha Bhyagute Dhunga Bhaise Pokhari Samrakshan | ९७,५७,८१५.३६।- | ३,००,०००।- | E-Bidding | ३,००,०००।- |

**शर्तहरू**

१. यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३० औ दिन दिनको १२ बजे भित्र E-Bidding (विद्युतिय बोलपत्र) www.bolpatra.gov.np को माध्यमबाट बोलपत्र पेश गर्न सकिने छ । बोलपत्र दस्तुर वापतको रकम फेदाप गा.पा. पोक्लावाङ स्थित नविल वैंक फेदाप शाखामा रहेको आन्तरिक राजस्व खाता ग १.१ २३२०१०१७५०००३९ मा मिति २०८१-११-२१ गते भित्र जम्मा गरेको भौचर समेत पेश गर्नु पर्नेछ ।

२. विद्युतिय बोलपत्रको साथमा ठेकेदार इजाजत पत्र, स्थायी लेखा नम्वर, मू.अ.कर दर्ता प्रमाण पत्र, आ.व. २०८०-०८१ को कर चुक्ता प्रमाणपत्र, स्वघोषणा पत्र आदिको प्रतिलिपी संलग्न गर्नु पर्नेछ । साथै धरौटी वापतको रकमको हकमा यस कार्यालयको नाममा रहेको फेदाप स्थित नविल वैंक फेदाप शाखामा रहेको धरौटी खाता नम्वर ग ३ धरौटी खाता नं. २३२०१०१७५०००२५ मा जम्मा गरेको सक्कल भौचर वा नेपाल राष्ट्र वैंकवाट मान्यता प्राप्त "क" श्रेणीको बाणिज्य वैंकबाट जारी गरेको विडवण्ड (बोलपत्रमा जमानत) पेश गर्नु पर्नेछ ।

३. विद्युतिय बोलपत्र २०८१-११-२१ गते दिनको १२ बजे भित्र पेश गरि सक्नु पर्ने छ । बोलपत्र मिति २०८१-११-२१ गते दिनको १ बजे नियमानुसार खोलिनेछ ।

३. विद्युतिय बोलपत्र फारम खरिद गर्ने अन्तिम दिन वा दर्ता गर्ने अन्तिम दिन सार्वजनिक विदा परे लगतै कार्यालय खुलेको दिन तोकिएकै समयमा उक्त कार्यहरू गरिनेछ ।

५. म्याद नाघी आएको वा रीत नपुगी आएको बोलपत्र उपर कुनै कारवाही हुने छैन ।

६. दररेट वा कबोल रकम अंक र अक्षरमा प्रष्टसंग उल्लेख गर्नु पर्नेछ । अंक र अक्षरमा फरक पर्न गएमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ ।

७. बोलपत्र स्वीकृत गर्ने वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार फेदाप गाउँकार्यपालिकाको कार्यालय, पोक्लवाङ, तेह्रथुममा निहित रहनेछ ।

८. माथि ठेक्का विवरणमा जेजस्तो लेखिएको भएपनि ईस्टीमेट र BOQ मा उल्लेख भएका विवरण अनुसार प्राविधिकको प्रत्यक्ष निर्देशनमा कार्य गर्नु पर्नेछ ।

९. थप जानकारी लिन चाहेमा कार्यालय समय भित्र फेदाप गाउँकार्यपालिकाको कार्यालयमा सम्पर्क राखी लिन सकिनेछ ।

१०. यस सूचनामा परेका बिषय यसै बमोजिम नपरेका अन्य कुराहरू प्रचलित सार्वजनिक खरिद ऐन नियमावली तथा प्रचलित नेपालको कानुन बमोजिम हुनेछ ।

**प्रमुख प्रशासकिय अधिकृत**

---

# Bhojpur Municipality
**Office Of Municipal Executive**
**Bhojpur, Koshi Province, Nepal**

## Request For Quotation For Hiring A Firm For Skills Development Training

**(Date of First Publication: 4th February. 2025 A.D. 2081/10/22 B.S.)**

1. Bhojpur Municipality, Bhojpur District invites sealed quotation from qualified firms. The brief description of the procurement is as follows:

| S. N. | Description | RFQ Document fee Non-refundable | Deadline of RFQ document purchase (Date and Time) | RFQ (Submission deadline Date and Time) | RFQ (Opening Date and Time) |
|---|---|---|---|---|---|
| 1. | Hiring a firm for skills development training in Local Level (Proc Ref No. BHP-MUN/RFQ/01/2081-82) | 1000.00 | 18th February, 2025 A.D. 2081/11/06 B.S. (17:00 Hrs.) | 19th February, 2025 A.D. 2081/11/07 B.S. (12:00 Hrs.) | 19th February, 2025 A.D. 2081/11/07 B.S. (13:00 Hrs.) |

2. The details of the service requirements, eligibility and qualifications required is found in terms of reference (Annex-1).
3. Qualified service providers experience and registered in the same district will get advantage.
4. In case of last date for purchasing, submission and opening of RFQS falls on a Government Holiday, the next working day shall be considered the last day. In such a case, the RFQ validity shall be recognized from the original RFQ submission deadline.
5. The Municipality reserves the right to accept or reject any RFQ and to annul the procurement process and reject all RFQs at any time prior to Contract Award, without thereby incurring any liability to Bidders/Applicants.
6. For Quotation Document and other information please consult to the below address.

**Address** : Bhojpur Municipality, Office of the Municipal Executive, Bhojpur
**Telephone No** : 029-420740, 220
**Email** : info@bhojpurmun.gov.np / info.bhjmunicipality@gmail.com
**Website** : www.bhojpurmun.gov.np

**Chief Administrative Officer**

---

## नाम परिवर्तन गरिएको सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८१/०९/२२**

यस कम्पनी २०८१/०९/२७ मा सम्पन्न विशेष साधारणसभाको निर्णय बमोजिम साविकको **नेपालयन सफ्टवेयर सोलुसन प्रा. लि.** को नाममा रहेको सम्पूर्ण चल-अचल सम्पति तथा तिर्न बेहोर्न पर्ने ऋण, कर, धन दायित्व आदि परिवर्तित नामको कम्पनिले सकार्ने बोहोर्ने गरि श्री कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८१/०९/२८ गतेको पत्र अनुसार कम्पनीको नाम परिवर्तन गरि **ए. एण्ड आई. पाठशाला ग्लोबल (प्रा. लि. २९३८६८)** कायम गरियको ब्याहेरा जानकारीका लागि यो सूचना प्रकाशित गरियको छ ।

## नाम परिवर्तन गरिएको सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८१/०९/२२**

यस कम्पनी २०८१/०९/२७ मा सम्पन्न विशेष साधारणसभाको निर्णय बमोजिम साविकको **एस. एस. डब्लु. ट्रेनिङ्ग एण्ड ल्याङ्ग्वेज सेन्टर नेपाल प्रा. लि.** को नाममा रहेको सम्पूर्ण चल-अचल सम्पति तथा तिर्न बेहोर्न पर्ने ऋण, कर, धन दायित्व आदि परिवर्तित नामको कम्पनिले सकार्ने बोहोर्ने गरि श्री कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८१/०९/२८ गतेको पत्र अनुसार कम्पनीको नाम परिवर्तन गरि **नेपालयन ट्राभल्स एण्ड टुर्स (प्रा.लि.३२९८२८)** कायम गरियको ब्याहेरा जानकारीका लागि यो सूचना प्रकाशित गरियको छ ।

---

स्थानीय सरकार
# डिलासैनी गाउँपालिका
**गाउँ कार्यपालिकाको कार्यालय**
**डिलासैनी, बैतडी**
**सुदूरपश्चिम प्रदेश, नेपाल**

## आशय-पत्र

प्रकाशित मिति : २०८१/१०/२२ गते

**श्री गोरिल सिद्धनाथ निर्माण सेवा,**
**डिलासैनी ।**

प्रस्तुत विषय सम्बन्धमा मिति २०८१।०९।१४ गते मध्यान्न राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना, ठेक्का नं DRM/BTD/WORKS/NCB/05-2081-082 (Construction and upgrading of Dadiya–Setigaun–Saungaun–Nagaraun and Negaun–Dhamigaun Road) बमोजिम श्री गोरिल सिद्धनाथ निर्माण सेवा को मु.अ.कर बाहेक रु.७०६९५७०।- (अक्षरेपी सत्तरी लाख उनन्सत्तरी हजार पाँच सय सतरी रूपयाँ मात्र) को बोलपत्र स्वीकृत गर्न सिफारिस भएको हुँदा कुनै प्रतिक्रिया भए ७ दिनभित्र यस कार्यालयमा पठाइदिनु हुन अनुरोध छ । तोकिएको म्यादभित्र कुनै प्रतिक्रिया प्राप्त नभएमा बोलपत्र स्वीकृत गर्न तर्फ कारबाही अगाडि बढाउने व्यहोरा अवगत गराइन्छ ।

**बोधार्थ :**
श्री शैल्यशिखर मालिकार्जुन निर्माण सेवा एण्ड सप्लायर्स, शैल्यशिखर ९ गोकुलेश्वर ।
श्री गणेश निर्माण सेवा, देवल ५ ।

**निमित्त प्रमुख प्रशासकीय अधिकृत**

---

## अधिकतम् खुद्रा विक्री मूल्य (MRP) प्रकाशनको सूचना

यस कम्पनीले चीनबाट पैठारी गरेको देहायको मालवस्तुहरूको खुद्रा अधिकतम विक्री मूल्य निम्न वमोजिम भएको व्यहोरा सर्वसाधरणको जानकारीका लागि यो मूल्यसूची प्रकाशन गरिएको छ ।

| सि.नं. | मालवस्तुको विवरण | आकार प्रकार | ब्राण्ड | मोडल | उत्पादित मुलुक राष्ट्र | क्षमता | इकाई | प्रति इकाई मूल्य | अधिकतम खुद्रा विक्री मूल्य |
|---|---|---|---|---|---|---|---|---|---|
| १. | इलेक्ट्रिक बाइक | इलेक्ट्रिक बाइक | Heima | TDT195Z | चीन | ३३० वाट | ८४ पिस | ८७,६००/- | ९५,०१६.१७/- |

**विक्रेता फर्मको नाम** : जामुनी अटो सेन्टर प्रा.लि.
**फोन नं.** ९८०२३४५४७२
**ठेगाना** : भृकुटीमण्डप, काठमाडौं, नेपाल

**स्थायी लेखा नं:** ६१०२९४९९०
Exime Code : ६१०२९४९९०१३९ NP

# पूजा आराधना गरी मनाइयो श्रीपञ्चमी

**काठमाडौं (प्रस)**– विद्या प्राप्तिको कामना गर्दै सोमबार विधिपूर्वक सरस्वती देवीको पूजा, आराधना गरिएको छ । प्रत्येक वर्ष माघ शुक्ल पञ्चमीका दिन मनाइने 'श्रीपञ्चमी' का अवसरमा विद्याकी अधिष्ठात्री देवी सरस्वतीको पूजा आराधना गरिन्छ । पूजा, आराधनाका लागि बिहानैदेखि देशभरका सरस्वती मन्दिरमा भक्तजनको भीड लागेको थियो ।

यस दिन निष्ठापूर्वक सरस्वतीको पूजा-आराधना गरेमा विद्या प्राप्त हुने शास्त्रीय मान्यता छ । यस अवसरमा लाजिम्पाटस्थित नील सरस्वतीस्थान, स्वयम्भूस्थित सरस्वती मन्दिर, ललितपुर लेलेस्थित सरस्वती कुण्डलगायत राजधानीका विभिन्न स्थानमा रहेका सरस्वती मन्दिरमा बिहानैदेखि भक्तजनले विधिपूर्वक पूजा, आराधना गरेका छन् । मैतीदेवी मन्दिर क्षेत्रमा रहेको सरस्वती मन्दिरमा पनि बिहानैदेखि भक्तजनको भीड लागेको काठमाडौं महानगरपालिका वडा नं. ३० का अध्यक्षसमेत रहेका मन्दिर व्यवस्थापन समितिका अध्यक्ष दलबहादुर कार्कीले जानकारी दिए । काठमाडौं महानगरपालिका-२९ स्थित डिल्लीबजारमा रहेको सरस्वती मन्दिरमा भक्तजनले विधिपूर्वक पूजा आराधना गरे ।

यसैगरी काठमाडौं उपत्यकाबाहिरका सरस्वती मन्दिरमा पनि भक्तजनको भीड लागेको जनाइएको छ । चन्द्रमाजस्तो गोरो वर्ण भएकी तथा हातमा वीणा र पुस्तक लिएकी विद्याकी देवी सरस्वतीलाई भक्तजनहरूले भारती, शारदा, हंसवाहिनी, जगन्माता, वागीश्वरी, कौमारी, वरदायिनी, बुद्धिदात्री, ब्रह्मचारिणी, चन्द्रघण्टा र भुवनेश्वरीजस्ता नामले पुकार्छन् ।

विद्या र सिर्जनाकी देवी भएकाले विशेष गरी साहित्यकार, कलाकार, पत्रकार, शिक्षक र विद्यार्थी आ-आफ्ना कला-साधनाका वस्तु कलम, कापी, कुची र वाद्ययन्त्र आदिलाई सरस्वतीका रूपमा पूजा-आराधना गर्छन् । सरस्वतीलाई तान्त्रिकहरूले तन्त्र सिद्धिका लागि तारादेवीका रूपमा मान्छन् ।

सूर्य उत्तरतिर लागि दिन लामो हुने र वसन्त ऋतु प्रारम्भ हुने विश्वासका साथ यस दिनलाई 'वसन्त पञ्चमी' पनि भनिन्छ । ऋग्वेदमा वाग्देवीका नामले प्रसिद्धि पाएकी ब्रह्माकी अर्धांगिनी ब्रह्मायणीको पूजा उपासनाले सबै प्रकारको ज्ञान, सिद्धी र सद्बुद्धि प्राप्त हुने उल्लेख छ । यसैकारणले सरस्वती पूजालाई ठूलो महत्त्व दिइन्छ । यस दिन सरस्वतीको पूजा गरी विद्यारम्भ गरेमा सर्वसिद्धि प्राप्त हुन्छ भन्ने विश्वास छ ।

यस दिन विवाह, व्रतबन्ध, गुफा राख्ने र बेलविवाह (इही) जस्ता सामाजिक तथा धार्मिक कार्य गर्न साइत हेर्नुपर्दैन भन्ने मान्यता छ ।


## कतारमा रोजगार

कम्पनी : Farm 1381 Heirs: Rashid Ali Rashid Al Suwaidi

पूर्व स्वीकृति मिति : २०८१/०७/०९ | पुन विज्ञापन स्वीकृति मिति : २०८१/१०/२१ | LT. No. 312739 | चलानी नं. ६०२२७१५१

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Farmer | 2 | 0 | 1000 | ३७,९९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ माघ २९ गते (11th Feb. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं. १६६९/०७०/०७१

ASLIYA MANPOWER SUPPLY PVT. LTD.
Kathmandu Metropolitian City-9, Gairigaun, Bagmati Province, Phone No. 9843148012, 9707934456



## युएइमा रोजगार

कम्पनी : AL TAREEQ AL MUMTAZ GENERAL TRANSPORTING

पूर्व स्वीकृति मिति : २०८०/०६/१६ | पुन विज्ञापन स्वीकृति मिति : २०८१/१०/२१ | LT. No. 293139 | चलानी नं. ६०२०८५६९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Archieve Clerk | 2 | 0 | 2200 | ८४,०८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Bus Driver | 20 | 0 | 1800 | ६८,७९५ | | | | | | | |
| 3 | Heavy Vehicle Driver | 25 | 0 | 1800 | ६८,७९५ | | | | | | | |
| 4 | Light Vehicle Driver | 20 | 0 | 1500 | ५७,३२५ | | | | | | | |
| 5 | Shovel Operation Driver | 5 | 0 | 1600 | ६१,१५० | | | | | | | |
| 6 | Vehicle Mechanic | 3 | 0 | 1900 | ७२,६१५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ माघ २९ गते (11th Feb. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

OZONE OVERSEAS SERVICE PVT. LTD.
Airport, Kathmandu, Nepal, Tel No. 01-5918794, 9801041129
E-mail : info@ozoneoverseas.com, ozoneoverseasnepal@gmail.com, Web: www.ozoneoverseas.com

श्रम इजाजत नं. ४४८/०६०/०६१



## कतारमा रोजगार

कम्पनी : BIN JASSIM GARAGE

पूर्व स्वीकृति मिति : २०८१/१०/२० | LT. No. 318192 | चलानी नं. ६०२३२३८२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Painter | 5 | 0 | 1500 | ५६,९९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Welder | 7 | 0 | 1500 | ५६,९९५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ माघ २९ गते (11th Feb. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

त्रिकोण ईन्टरनेशनल ओभरसिज प्रा.लि.
श्रम ईजाजत नं. ५५०/०६२/०६३
रानीबारी, सामखुसी, काठमाडौं, नेपाल, फोन नं. ४३८१८३८, ४३५५६०२, ९८०१००४३८४


## बीमालेख हरायो

मिति २०८१/१०/०१ गते कलंकीदेखि चावहिल सम्म जाँदा मेरो निम्न व्यहोरा भएको बीमालेख हराएको हुँदा पाउनु हुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनु हुनु अनुरोध गर्दछु ।

**नाम : नविन सिंह थापा**
**विमालेख नं : GLI0990000132**
**हिमालयन लाइफ इन्स्योरेन्स लि.**
**ठेगाना : भि.न.पा सुकासल-५**
**सम्पर्क नं : ९८५११५४३६०**


## जापानमा रोजगार

कम्पनी : Asian Human Resources Support Cooperative Association

पूर्व स्वीकृति मिति : २०८१/१०/२० | LT. No. 318090 | चलानी नं. ६०२३२३८३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव YEN | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Building Inst. worker | 3 | 0 | 190000 | १७२,३८५ | क.नि.अनुसार | ७ घण्टा | ५ दिन | क.नि. अनुसार | छैन | छैन | ३ वर्ष |

कम्पनी : Tsunagu Support Cooperative Association

पूर्व स्वीकृति मिति : २०८१/१०/२० | LT. No. 318091 | चलानी नं. ६०२३२३८४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव YEN | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction | 1 | 0 | 168000 | १५१,४५५ | क.नि.अनुसार | ७ घण्टा | ५ दिन | क.नि. अनुसार | छैन | छैन | ३ वर्ष |

■ **प्रशिक्षार्थीको आवश्यक न्यूनतम योग्यता र काम गरेको अनुभव:**
(क) नेपाली नागरिक हुनुपर्ने । (ख) प्रशिक्षार्थीको उमेर १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको हुनुपर्ने । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरुमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (घ) कृषि सम्बन्धि कामको निमित्त सम्बन्धित उद्यम/उद्योग वा सम्बन्धित विषयको सहकारी वा सामुदायिक संस्थामा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (ङ) प्रशिक्षार्थीले जापानमा प्रशिक्षार्थी कामदारको रुपमा खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरुमा काम गरिरहेको हुनुपर्ने । (च) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिएको हुनुपर्ने ।

■ **दरखास्त साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरू:**
(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ख) राहदानी प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरुमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव सम्बन्धि प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (घ) कामदार जापानमा प्रशिक्षार्थी कामदारको रुपमा जान खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरुमा काम गरिरहेको हुनुपर्नेछ । (ङ) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिई उत्तीर्ण गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (च) अभिमुखिकरण तालिम लिएको सक्कल प्रमाणपत्र । (छ) नेपालमा आफू कार्यरत रहेको सम्बन्धित उद्योग, प्रतिष्ठान, निकाय वा संस्थाको सिफारिस र नेपाल फर्की आएपछि पुनः काममा लगाउनेछु भनी सम्बन्धित संस्थाले गरेको प्रतिवद्धता पत्र । (ज) प्रशिक्षार्थी कामदारको रुपमा तालिम लिई नेपाल फर्किएपछि सम्बन्धित उद्योगमा नै काम गर्ने भनि आफू कार्यरत संस्था वा निकाय समक्ष गरेको प्रतिवद्धता सम्बन्धि कागजातको प्रतिलिपि ।
१. दरखास्त बुझाउनु पर्ने स्थान र अन्तिम मिति: स्थान: प्रा.लि.को कार्यालय, मिति: यो सूचना प्रकाशित भएको मितिले ८ दिन भित्र ।
२. प्रशिक्षार्थीले तिर्नुपर्ने (सेवा शुल्क, यातायात, भिषा तथा प्रवर्द्धन खर्च समेतको) कूल खर्च: नि:शुल्क
३. प्रशिक्षार्थी छनौट गर्ने तरिका, मिति र स्थान: छनौट तरिका: अन्तर्वार्ता, स्थान: प्रा.लि.को कार्यालय र अन्तर्वार्ता मिति: पछि प्रकाशित गरिनेछ ।

नोट: वैदेशिक रोजगार ऐन, २०६४ को दफा ९ बमोजिम महिला, दलित, आदिवासी जनजाति, उत्पीडित वर्ग, पिछडिएको क्षेत्र तथा वर्ग एवं दुर्गम क्षेत्र तथा दैवीप्रकोप पीडित व्यक्तिलाई नेपाल सरकारले तोके बमोजिमको संख्यामा आरक्षण प्रदान गरिने छ ।

■ **नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:**
१) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भरपाई अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापनमा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोस । ४) विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्स तालिम लिनुहोस । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।
द्रष्टव्य: यस विषयमा थप केही कुरा बुझ्न परेमा यस प्रा.लि.मा सम्पर्क गर्न सक्नुहुनेछ ।

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ माघ २९ गते (11th Feb. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt.Lic. No 745/064/065
ADVENTURE HUMAN RESOURCE P.LTD.
Sitapaila, Kathmandu, Nepal, T: 01-5382590 (Head Office)
Itahari Branch:025-590739, 9843100739,9704517296, Email:- advenhr@gmail.com, Web: www.adventurehr.com.np



## कुवेतमा रोजगार

कम्पनी : Shams Restaurant Company — शेवा शुल्क: १०,०००

पूर्व स्वीकृति मिति : २०८१/०५/०७ | पुन विज्ञापन स्वीकृति मिति : २०८१/१०/२१ | LT. No. 309360 | चलानी नं.६०२२३९७५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Assistant Cook | 15 | 0 | 130 | ५९,०८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : Blanche Beauty Salon Company For Ladies — शेवा शुल्क: १०,०००

पूर्व स्वीकृति मिति : २०८१/१०/२० | LT. No. 318055 | चलानी नं.६०२३२३४६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Hair Dresser/Hair Stylist | 0 | 3 | 150 | ६८,१७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : Nail Toro Ladies Beauty Salon Company — शेवा शुल्क: नि:शुल्क

पूर्व स्वीकृति मिति : २०८१/१०/२० | LT. No. 318056 | चलानी नं.६०२३२३४५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Hair Dresser/hair Stylist | 0 | 2 | 150 | ६८,१७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Indoor Cleaner | 0 | 2 | 120 | ५४,५३५ | | | | | | | |
| 3 | Light Driver | 2 | 0 | 140 | ६३,६२५ | | | | | | | |
| 4 | Manicurist/pedicurist | 0 | 2 | 150 | ६८,१७० | | | | | | | |
| 5 | Nail Artist | 0 | 6 | 150 | ६८,१७० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ माघ २९ गते (11th Feb. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Omega International Pvt. Ltd.
Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337,
E-mail : info@omeganepal.com, Website : www.omeganepal.com
Govt. License No. 1352/074/075



## साउदी/युएइमा रोजगार

कम्पनी : Iman Abdulrahman Bin Abdulaziz Al-bujadi Contracting Establishment

पूर्व स्वीकृति मिति : २०८१/१०/२० | LT. No. 318179 | चलानी नं.६०२३२३७४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Worker | 8 | 0 | 1000 | ३७,४२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : TAKA AND HASHI RESTAURANR

पूर्व स्वीकृति मिति : २०८१/१०/२० | LT. No. 318180 | चलानी नं.६०२३२३७३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Worker | 2 | 0 | 1200 | ४४,९१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : WORLD TEAM SCAFFOLDING CONTRACTING CO.LLC

पूर्व स्वीकृति मिति : २०८१/१०/२० | LT. No. 318145 | चलानी नं.६०२३२३७५३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labour (building Projects) | 2 | 0 | 1200 | ४५,८६० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Scafolder | 3 | 0 | 1200 | ४५,८६० | | | | | | | |
| 3 | Suttering Carpenter | 2 | 0 | 1200 | ४५,८६० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ माघ २९ गते (11th Feb. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

NEW ALFA HR SERVICES PVT. LTD.
Maharajgunj-3, Kathmandu, Nepal, Contact: 01-4721183, 9841531176, E-mail : newalfahrs@gmail.com, Web: www.newalfahrs.com
Govt. License No. 1090/073/74


नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

## कम्पनीको दर्ता खारेज गरिएको सूचना

यस कार्यालयमा मितिः २०७४/१०/१५ मा दर्ता भएको प्रा.लि.नं. १८२५८३ को **सुष्मा ह्याण्डिक्राफ्ट प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८१/१०/२१ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ को उपदफा (१) बमोजिम दर्ता/स्वेच्छिक खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## नेपालका असल मित्रहरू (GFN)

नार्गजुन नगरपालिका, काठमाडौं
बागमती प्रदेश, नेपाल

**कोटेशन माग सम्बन्धी सूचना**

सूचना प्रकाशित मिति २०८१/१०/२२ गते

प्रस्तुत विषयमा यस नेपालका असल मित्रहरू (GFN) काठमाडौंले जाजरकोट भूकम्प उद्दार परियोजना ०२४/०२५ कार्यक्रम अर्न्तगत तपसिल अनुसारको सामग्री खरिद गर्नु पर्ने भएको हुँदा सम्बन्धित क्षेत्रमा काम गर्ने इच्छुक सप्लायर्स, कम्पनि तथा व्यक्तिले व्यवसाय दर्ता प्रमाण पत्र र कर चुक्ताको प्रमाण पत्र सहित मिति २०८१/१०/२८ गते ४ बजे भित्र तपसिल अनुसारको दर रेट यस कार्यलयमा पेश गर्नहुना यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल

| क्र.सं. | विवरण | एकाई | जम्मा संख्या | प्रति ब.मूल्य | जम्मा मूल्य | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | 33"mm Color Zinc Sheet 9ft. | के.जी. | ३०० बन्डल | | | |
| | | | | | | |
| | जम्मा | | | | | |
| | मु.अ.कर १३ % | | | | | |
| | कूल रकम | | | | | |

नेपालका असलमित्रहरू (GFN)
नार्गजुन नगरपालिका, काठमाडौं
सम्पर्क नम्बर: ९८५१००१८४८ (निर्देशक), ९८४१४२१००३ (सचिव)
इमेल : bhiminhim@gmail.com

## अरिहन्त पोलिप्याक लिमिटेड
सोनापुर, सुनसरीको

### वार्षिक साधारण सभा बस्ने सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति : २०८१।१०।०९

श्री अरिहन्त पोलिप्याक लिमिटेडको मिति २०८१/१०/०१ गतेका दिन बसेको संचालक समितिको बैठकको निर्णय अनुसार यस कम्पनीको आर्थिक वर्ष २०८०।८१ को १७ औं वार्षिक साधारण सभा निम्न लिखित मिति, समय र स्थानमा निम्न विषय उपर छलफल तथा निर्णय गर्न बस्ने भएकोले सम्पुर्ण शेयरधनी महानुभावहरुको उपस्थितिका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**१. सभा हुने मिति, समय र स्थान :**
- मिति : २०८१।१०।३० गते (तदनुसार १२ फेब्रुवरी २०२५)
- समय : बिहान १०:३० बजे
- स्थान : कम्पनीको मुख्य कार्यालय, बिराटनगर

**२. छलफलका लागि प्रस्तुत हुने विषयहरु :**
क. संचालक समितिले तयार गरेको आ.व.२०८०।८१ को वार्षिक प्रतिवेदन पारित गर्ने ।
ख. लेखापरीक्षकको प्रतिवेदन सहितको लेखापरीक्षण गरिएको ३१ आषाढ २०८१ को वासलात, नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण उपर छलफल गरी पारित गर्ने ।
ग. चालु आर्थिक वर्ष २०८१।०८२ का लागि लेखा परीक्षकको नियुक्ती र निजको पारिश्रमिक तोक्ने ।
घ. कम्पनी ऐनको दफा ७८ को प्रतिवेदन सम्वन्धमा ।
ङ. चन्दा उपहार खर्चको अनुमोदन सम्वन्धमा ।
च. विविध ।

**संचालक समितिको आज्ञाले**
**कम्पनी सचिव**

# Laljhadi Rural Municipality
## Office Of The Rural Municipal Executive
**Shankarpur, Kanchanpur**
**Sudurpaschim Province Nepal**

## Letter of Intent to award the contract

This is to notify to all concerned bidders as per 27 (2) & 47 of Public Procurement Act, 2063 that, it is our intention to award following contract as per IFB notice published on PPMO'S Procurement Portal https://bolpatra.gov.np/egp/ on **2081/09/14 and 2081/09/19** to following bidder which is selected as substantially responsive lowest evaluated bidder.

| S. N. | Contract Id' | Name of Project | Name & Address of Successful Bidder | Bid Price (With VAT) | Remarks |
|---|---|---|---|---|---|
| 1. | LAL/SQ/ W/081/082-02 | Construction of Remaining work of Birthing Center Laljhadi-04 | AWASTHI BUILDERS Beldandi-1, Ratanpur | 14,87,520.00 | |
| 2. | LAL/W/NCB/ 081/082-03 | Construction Of Black Top Motarghat Road Laljhadi-04 | Pawan Nirman Sewa Dhangadhi-11, kailali | 62,15,970.69 | |

**Chief Administrative Officer**

# Invitation for Bids

## Likhu Rural Municipality
## Office of the Municipal Executive Yasam, Okhaldhunga
**Koshi Province, Nepal**

***Invitation for Bids for the Following Mentioned Work***
**First Date of publication: 2081/10/22 (4th February, 2025)**

1. Likhu Rural Municipality, Yasam, Okhaldhunga invites electronic bids from eligible bidders for the construction of Under Mentioned Works ***Under National Competitive Bidding - Single Stage, Two Envelope Bidding procedures.***

| SN | Contract ID | Description of Project | Key Qualification (Without VAT) | | Bid Security Amount (Rs) | Cost of the Bidding Document (Rs) | Validity Period |
|---|---|---|---|---|---|---|---|
| 1. | LRM/NCB/B UILDING-WORKS/081/ 082-06 | Likhu Rural Municipal office building Construction Project | Minimum Average Annual Construction Turnover of the best 3 years within the last 10 years | Rs. 41,420,000.00 | Rs 1,575,000.00 | Rs.5,000.0 | 120 Days |
| | | | Bid Capacity | Rs. 44,180,000.00 | | | |
| | | | Liquid Assets | Rs. 11,960,000.00 | | | |
| | | | Minimum Work experience of similar size and nature | One project with minimum value of Rs. 22,100,000.00 | | | |

Under the Single Stage, Two Envelope Procedure, Bidders are required to submit simultaneously two separate sealed envelopes, one containing (1) the Technical Bid and the other (ii) the Price Bid, both in turn enclosed in one sealed envelope as per the provision of ITB 21 of the Bidding Document.

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Likhu Rural Municipality. Yasam, Okhaldhunga, info@likhumunokhaldhunga.gov.np, 9852842142 or may visit PPMO website www.bolpatra.gov.np/egp.
3. The bidder who chooses to submit their bid may download the bidding documents for e-submission from PPMO's e-GP system www.bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the non-refundable fee mentioned above as per the project of the bidding Document till 30 days during office hour, in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding documents in Bank.

   Information to deposit the cost of bidding document in Bank:

   ***For Bid Document Purchase Purpose (Rajashwa Khata)***

   Name of the Bank : Nepal SBI Bank Ltd, Branch office, Yasam, Okhaldhunga
   Office Account no. : 41595241207004
   Name of Account : Aantarik Rajashwa Khata

4. Pre-bid meeting shall be held at Likhu Rural Municipality, Yasam, Okhaldhunga at 2081/11/13 at 11:00 AM. Or may email the queries to info@likhumunokhaldhunga.gov.np.
5. Electronic bids must be submitted to the office Likhu Rural Municipality, Yasam, Okhaldhunga through PPMO's e-GP system www.bolpatra.gov.np/egp on or before 12:00 PM on 2081/11/23. Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 01:00 PM on 2081/11/23 at the office of Likhu Rural Municipality, Yasam, Okhaldhunga. Bids must be valid for a period of as mentioned above as per project, after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bid, amounting to a minimum of as mentioned above as per project which shall be valid for 30 days beyond the validity period of the bid.

   ***For Bid Security Deposit Purpose (Dharauti Khata)***

   Name of the Bank : Nepal SBI Bank Ltd, Branch office Yasam, Okhaldhunga.
   Office Account no. : 41525240600004
   Name of Office : Sthaniya Taha Dharauti Khata

7. If the last date of purchase and/or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
8. Matters not covered by this notice shall be in accordance with Public Procurement Act-2063, Public Procurement Regulations-2064 and their amendments.
9. The employer reserves the right to accept or reject wholly or partly any or all bids without assigning any reason.
10. Any intimidation, collusion and carteling during the bidding process shall be punishable by law.

***Chief Administrative Officer***

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# आगलागी रोकथामको पूर्वतयारी गरौं

**हिउँदयामसँगै सुख्खा मौसम सुरु भएको छ। सामान्यतया यो मौसम पतझरको मौसम हो। यो बेला पानीका मुलहरू विस्तारै सुक्ने समय हो। मौसममा बदलाव आएसँगै हुरी चल्ने समय पनि आउँदै छ। यस्तो मौसम आगलागीका लागि जोखिमपूर्ण समय हो। अहिले मौसम परिवर्तन हुँदै हुरी चल्नुपूर्व नै आगलागीका घटना बढ्न थालेका छन्। जुम्लामा घरमा आगलागी, काठमाडौंका केही स्थानमा आगलागी हुँदा लाखौंको क्षति भएका खबर आएका छन्। अमेरिकाको क्यालिफोर्नियामा केही समयअघिमात्र भीषण आगलागी भएको खबर नेपालमा विजुलीझैं फैलियो।**

**नेपालमा पनि एक–दुई हुँदै यस्ता घटना बढ्दै जान थालेका छन्। सामान्यतया मानिसको लापरवाहीकै कारण आगलागीका घटना हुन्छन्। आगो लागेपछि यो निभाउनका लागि एक त दक्ष जनशक्ति चाहिन्छ, अर्को यसबाट बच्ने उपायहरूको पनि जानकारी हुनुपर्छ। यसबारेमा नेपालमा न त पूर्वतयारी शिक्षा छ न त विपद्बाट बच्ने शिक्षाको अभ्यास।**

**क्यालिफोर्नियामा आगलागी हुँदा धनसम्पत्तिमा ठूलो क्षति पुगे पनि मानवीय क्षति न्यून थियो। नेपालमा मानवीय क्षति भने डरलाग्दो हुने गर्छ। यसका लागि पहिले त पूर्वतयारी र शिक्षा अति आवश्यक छ। यसका लागि सरकारले विशेष शिक्षा अभियान त सञ्चालन गर्नैपर्छ। कतिपयले ख्यालख्यालमा जंगलमा लगाएको आगोले गाउँ नै सखाप बनाएका घटनाहरू पनि छन्। त्यसबारे सरकारले विशेष तयारी गर्नुपर्छ। रोकथामका उपायहरू बेलैमा अपनाए क्षति कम गर्न सकिन्छ। किनभने हामीसँग आगलागी भएपछि निभाउने क्षमता निकै कम छ।**

**पहिलेपहिले सहरबीचमा पोखरी खनेर पानी जम्मा गर्ने प्रथा थियो। जुन आगलागीजस्ता घटनालाई नियन्त्रणमा लिन बनाइएको हुन्थ्यो। अहिले सहरमा अव्यवस्थित बसोबासका कारण खुला क्षेत्रको अभाव छ। पानी जम्मा गर्न बनाइएको पोखरीहरू सुख्खा छन्। जसकारण आगो लाग्दा निभाउने उपाय भनेको दमकल नै हो। तर साँघुरो गल्लीमा दमकल पस्न पनि सक्ने अवस्था हुँदैन।**

**गाउँका दूरदराजमा दमकलको कल्पना गर्नै सकिन्न। पानी भएकोको ठाउँमा दमकल नहुने, दमकल भएको ठाउँमा पानी नहुने, आगलागी नियन्त्रणका आधुनिक उपायहरूमा सरकारको लगानी कमी हुनुका कारण पनि क्षति कम गर्न सकिरहेको हुन्न। त्यसैले यस्ता घटना हुनुभन्दा पहिले नै सचेत हुनेगरी पूर्वतयारी शिक्षा दिनु आजको आवश्यकता हो।**

# गरिबी र असमानताको अन्त्य कहिले ?



■ रिसव गौतम

❛ नेपालमा गरिबी निवारण गर्ने उद्देश्यले नै सरकारी तबरबाटै विभिन्न कार्यक्रम सञ्चालित छन्। तर ती कार्यक्रम प्रभावकारी हुन नसकेकाले लक्षितरूपमा गरिबी घट्न नसकेको तथ्यांकले पुष्टि गरिरहेको छ। बरू पछिल्लो दशक जे-जति गरिबी घटिरहेको छ त्यसमा नेपालीहरूको वैदेशिक रोजगारीका कारण भित्रिएको रेमिट्यान्सले निकै ठूलो योगदान दिएको छ। सरकारले गरिबी घटाउन लक्षित गरिबी निवारण कोष नै भ्रष्टाचारको थलो भएपछि २०७८/७९ को बजेट वक्तव्यमार्फत खारेजी गरेको थियो। गरिबी घटाउन स्थापित संस्था नै भ्रष्टाचारले खारेजी भएपछि गरिबी घटाउने प्रयास कसरी सफल होला ?

बढ्दो गरिबी र असमानता समकालीन विश्वको सर्वाधिक चिन्ताको विषय हो। तर एकातिर पछिल्लो दशक जसरी विश्वभर गरिबी र असमानता झाँगिदै गएको छ, उसैगरी धनीहरू भने झन धनी भइरहेका छन्। खासगरी बितेका केही वर्ष विश्व समुदायलाई नै अति प्रभावित तुल्याएको कोभिड-१९ को महामारी र केही देशहरूबीच भएको युद्धका कारण विश्वमा गरिबी तथा असमानता थप बढाएको तथ्यांकहरूले नै देखाएको छ।

सन् २०२३ जुलाई ११ मा संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम (युएनडिपी) र अक्सफोर्ड विश्वविद्यालयले सार्वजनिक गरेको कूल १११ देशलाई समेटेर तयार पारेको प्रतिवेदन 'ग्लोबल मल्टिडाइमेन्सनल प्रोभर्टी इन्डेक्स २०२३ (एमपिआई) को अनुसार विश्वमा अझै एक अर्ब १० करोड मानिस गरिबीको रेखामुनि छन्। एमपिआईले नै सन् २०२२ मा सार्वजनिक गरेको प्रतिवेदनले विश्वमा एक अर्ब २० करोड मानिस गरिबीको अवस्थामा रहेको देखाएको थियो। प्रतिवेदनअनुसार गरिबी केही घटेको देखिए पनि सन् २०२३ मा विश्वको जनसंख्या आठ अर्ब ५० लाख पुगिसकेको छ।

एकातिर विश्वको जनसंख्या पृथ्वीले नै धान्न नसक्नेगरी बढिरहेको छ भने अर्कोतिर न्यून उत्पादन, भोकमरी, गरिबी र असमानताको दारुण अवस्था घट्न सकेको छैन। यसले गर्दा सन् २०३० सम्म विश्वबाट गरिबीको उन्मूलन गर्ने दिगो विकास लक्ष्यहरूका उद्देश्य पूरा नहुने स्पष्ट हुँदै छ। विश्वका नेताहरूले मानिस, पृथ्वी र समृद्धिका लागि तयार पारेको कार्ययोजनामा दिगो विकासका लागि गरिबीको अन्त्य अपरिहार्य भनिएको छ। दिगो विकास लक्ष्यअन्तर्गत गरिबीको अन्त्यसहित निर्धारण गरेका १७ वटा लक्ष्यमा साविकको अवस्थाबाट सन् २०३० सम्म उपलब्धि हासिल नहुने एमपिआईकै सन् २०२३ को प्रतिवेदनले संकेत गरिसकेको छ।

एमपिआईको प्रतिवेदनअनुसार दुईतिहाइ गरिबहरू गरिबी घटाउन धुरन्धर लागिपरेका मध्यम आय भएका मुलुकहरूमा बसोबास गर्छन् भने ३५ प्रतिशत गरिब न्यून आय भएका मुलुकमा बस्छन्। विश्वका गरिबमध्ये ८४ प्रतिशत मानिस ग्रामीण भेगमा बस्ने गरेका छन् भने विश्वका गरिबहरूमध्ये ५३ करोड ४० लाख मानिस सव-साहारा अफ्रिकामा बस्छन्। गरिबहरूमध्ये पनि ४८ करोड ५० लाख मानिस अति गरिबीको अवस्थामा गुज्रिएका छन् भने ५६ करोड ६० लाख गरिबहरू १८ वर्ष मुनिका बालबालिका रहेका छन्।

एमपिआईले स्वास्थ्य, शिक्षा र जीवनस्तरको क्षेत्रमा त्यसभित्रका विभिन्न उपसूचकहरूमा केन्द्रित रहेर गरेको अध्ययन प्रतिवेदन तयार गरेको हो। पछिल्लो समय विश्वव्यापी गरिबीको बहुआयामिक आयामहरू समेटेर तयार गरिएको यो नै यस्तो प्रतिवेदन हो। यसले समकालीन आधुनिक विश्व जगत्मा गरिबीको दारुण अवस्थाको चित्र उतारेको छ।

यसरी पछिल्लो दशक विश्वभर नै आर्थिक असमानता घट्न नसकेकोतर्फ विश्वका धेरै अर्थशास्त्रीहरूले चिन्ता र चासो व्यक्त गरिरहेका छन्। आर्थिक असमानता र गरिबी घटाउन महत्त्वपूर्ण कदम चाल्नसक्ने संघसंस्थालाई विश्वका अर्थशास्त्रीहरूले सुझावसमेत दिइरहेका छन्। सन् २०१९ र २०२० मा दोस्रो विश्वयुद्धयताकै सबैभन्दा बढी असमानता बढेको र विश्वका सबैभन्दा धनी १० प्रतिशतले विश्वका आयको ५२ प्रतिशत हिस्सा ओगटेको तथ्यांक छ। विश्वका आधा जनसंख्यामा कूल आयको ८.५ प्रतिशत हिस्सामात्र रहेको अवस्था छ।

एकातिर अहिले विश्वका अर्बौं मानिसले खाद्यान्नमा महँगी, अभाव र भोकमरी झेलिरहेका छन् भने अर्कोतर्फ यही अवधिमा विश्वमा अर्बपतिहरूको संख्या बढिरहेको देखिन्छ। विश्वका अर्बपतिहरूको सूची सार्वजनिक गर्दै आएको फोर्ब्सको नयाँ सूचीअनुसार सन् २०२४ मा विश्वमा दुई हजार ७८१ जना डलरमा अर्बपति छन्। पछिल्लो सूची अघिल्लो सन् २०२३ कोभन्दा १४२ जनाले बढी हो। सो सूचीअनुसार विश्वमा सबैभन्दा बढी डलरमा अर्बपति अमेरिकाका छन्।

अमेरिकामा सन् २०२४ सम्ममा ८१३ जना डलरमा अर्बपति पुगिसकेका छन्। अथाह पैसा कमाउने स्वतन्त्रता र वातावरण प्रदान गरेको विश्वकै पुँजीवादको खुला मैदान अमेरिकामा एलन मक्सको मात्रै आजको मितिमा ४२४ विलियन डलर सम्पत्ति छ। जबकि संसारको २९औं नम्बरको अतिकम विकासित तर करिब तीन करोड जनसंख्या भएको देश नेपालको कूल गार्हस्थ उत्पादनको आकार जम्मा ४२ विलियन डलरको रहेको छ। अर्थात् संसारका धनी एलन मक्स एक्लैको सम्पत्ति पूरै नेपालको कूल गार्हस्थ उत्पादनको आकारभन्दा १० गुणा बढी देखिन्छ। संसारमा धनी र गरिबबीचको असमानता कसरी बढिरहेको छ, त्यो नै उदाहरण काफी छ। पछिल्लो समय चीनमा पनि अमेरिकाकै रफ्तारमा डलर अर्बपति बढिरहेका छन्। चीनमा सन् २०२४ सम्ममा ४७३ जना अर्बपति छन्। भारतमा नै पछिल्लो समय २०० जना अर्बपति पुगिसकेका छन्।

सन् २०२४ मा विश्वका मुठिभर अर्बपतिहरूको कूल सम्पत्ति १४२ खर्ब डलर (१४.२ ट्रिलियन) रहेको छ। पछिल्ला वर्ष एसिया महादेशमा झन बढी अर्बपतिहरू थपिएका छन्। त्यसले युरोप अमेरिकाभन्दा बढी असमानता एसियामा भित्रिरहेको देखाएको छ। फोर्ब्सको सूचीमा भारतीय नागरिकको संख्या २०० पुगिसकेको छ। त्यसैगरी समाजवादको अभ्यास गरिरहेको चिनियाँ अर्बपति संख्या फोर्ब्सको अनुसार ४७३ जना पुगिसकेका छन्। नेपालजस्तो गरिब देशलेसमेत विनोद चौधरीलाई अर्बपतिका रूपमा लगातार उल्लेख गर्दै आएको छ। यसरी विश्वभर नै चरम पुँजीवाद मौलाएको छ। यसले गर्दा सक्नेले धन बृहत्रूपमा थुपारिरहेका छन्। धनीहरू धनकै आडमा झन धनी भइरहेका छन् भने नसक्ने, गरिबहरू अभाव, रोगभोग, असमानताको दारुण जिन्दगी बाँचिरहेका छन्। पछिल्लो चुनौती के पनि छ भने गरिबी र असमानता कुनै वर्ग क्षेत्र अथवा देशमा सीमित नभएर सम्हाल्नै मुस्किल पर्ने गरी फैलिएको छ।

एकातिर विश्वभर पुँजीवाद मडारिएको छ भने समाजवाद र समाजिक न्याय यत्रतत्र कमजोर बनिरहेको छ। पृथ्वीमा उपलब्ध साधन स्रोत हरेक मानिसले समानरूपमा उपयोग गर्न पाउनु उसको मानवअधिकार हो। तर चरम पुँजीवादले उपलब्ध साधन र स्रोतहरू सीमित व्यक्तिमा निहीत गरिरहेको छ। यसले चरम असमानता र गरिबी निम्त्याइरहेको छ। पुँजीवाद विकासको अस्त्र भए पनि त्यसलाई छाडारूपमा विकसित हुन नदिई सन्तुलन गर्दै समाजवादतर्फको यात्रा तय गर्नु आजको आवश्यकता हो।

**नेपालमा गरिबीको अवस्था**

आर्थिक वर्ष २०७९/८० मा आइपुग्दा कोरानो महामारी, भूकम्पलगायतका प्राकृतिक विपत्तिलगायत कारण निरपेक्ष गरिबीमा रहेको जनसंख्या २०.२७ प्रतिशतमा (५८ लाख ६३ हजार गरिब) उक्लिएको राष्ट्रिय तथ्यांक कार्यालयको 'नेपाल जीवनस्तर सर्वेक्षण चौथो (२०७९/८०)' मा उल्लेख छ। नेपालमा बहुआयामिक हिसाबको गरिबीमा जनसंख्याको २८.६ मानिस बाँचिरहेका छन्।

नेपालको आर्थिक विकास र समृद्धि नहुनुको काँडेतार गरिबी नै हो। यसलाई उन्मूलन गर्ने कुरामा सर्वपक्षीय ध्यान र लगानी जरुरत देखिन्छ। निरपेक्ष गरिबीले तोकिएको आयभन्दा कम आयले जीवनका आधारभूत आवश्यकतासमेत पूरा गर्न कठिनाइको अवस्था इंगित गर्छ। त्यसलाई उन्मूलन गरेर आममानिसको ध्यान विकास र समृद्धिमा केन्द्रित गर्नुपर्ने आवश्यकता छ।

नेपालमा गरिबी निवारण गर्ने उद्देश्यले नै सरकारी तबरबाटै विभिन्न कार्यक्रम सञ्चालित छन्। तर ती कार्यक्रम प्रभावकारी हुन नसकेकाले लक्षितरूपमा गरिबी घट्न नसकेको तथ्यांकले पुष्टि गरिरहेको छ। बरु पछिल्लो दशक जे-जति गरिबी घटिरहेको छ त्यसमा नेपालीहरूको वैदेशिक रोजगारीका कारण भित्रिएको रेमिटचान्सले निकै ठूलो योगदान दिएको छ। सरकारले गरिबी घटाउन लक्षित गरिबी निवारण कोष नै भ्रष्टाचारको थलो भएपछि २०७८/७९ को बजेट वक्तव्यमार्फत खारेजी गरेको थियो। गरिबी घटाउन स्थापित संस्था नै भ्रष्टाचारले खारेजी भएपछि गरिबी घटाउने प्रयास कसरी सफल होला ?

गरिबी निवारण गर्न युवा स्वरोजगार कार्यक्रम, गरिबसँग विश्वश्वर कार्यक्रम, ग्रामीण स्वावलम्बन कार्यक्रम, लघुउद्यम विकास कार्यक्रम, प्रधानमन्त्री रोजगार कार्यक्रमजस्ता अरु विविध कार्यक्रम सरकारी तवरमै सञ्चालित छन् तर ती कार्यक्रमहरू प्रभावकारी हुन सकेका छैनन्। खासगरी त्यस्ता कार्यक्रममा सिर्जनात्मकताको अभाव, भ्रष्टाचार र अनियमितताको व्यापकता, कमजोरीहरूको निरन्तरताले प्रभावकारी हुन सकेका छैनन्। सरकारी तवरबाट सञ्चालित गरिब लक्षित कार्यक्रम प्रभावकारी हुन नसक्दा अहिले पनि नेपालमा भोकमरी र असमानताको अवस्था व्यापक छ। 'कन्सर्न वर्ल्ड वाइड र वेल्ट हंगर हाइलाइफ'ले तयार पारेको विश्व भोकमरी सूचकांक प्रतिवेदन २०२२ अनुसार १२१ मुलुकमा नेपाल ८१औं स्थानमा रहेको छ।

प्रतिवेदनले नेपाललाई भोकमरीमा मध्यम स्तरको जोखिममा रहेको देखाएको छ। प्रतिवेदनअनुसार भोकमरीको जोखिम सबैभन्दा कम रहेकोमा बेलारुस एक नम्बरमा छ भने सबैभन्दा बढी भोकमरीको अवस्थामा यमन १२१औं नम्बरमा रहेको छ। प्रतिवेदनअनुसार नेपालमा सबैभन्दा बढी भोकमरीको जोखिम कर्णाली प्रदेशमा रहेको छ। नेपालमा ४० लाखभन्दा बढी मानिस भोकमरीको चपेटामा रहेको हुनसक्ने अनौपचारिक अध्ययनहरूले देखाएका छन्। यो अवस्थाको अन्त्य नभएसम्म गरिबी निवारणको लक्ष्य पूरा हुन सक्दैन। *रासस*

## श्रम सरोकार

### पहिलोपटक वैदेशिक रोजगारीमा जाँदा यी कुरामा ध्यान दिऔं

वैदेशिक रोजगारीमा पहिलोपटक जाँदै हुनुहुन्छ भने विमानस्थलमा पुग्ने समयदेखि विभिन्न कुरामा ख्याल गर्नुपर्छ। अन्यथा दुःख पाइनुका साथै उडान नै छुट्ने जोखिम हुन्छ। साथै विमानस्थलमा अन्य विषयमा पनि ध्यान दिन जरुरी छ।

विदेश जाँदा हवाइ टिकट हेरी उल्लिखित प्रस्थान समयभन्दा कम्तीमा तीन घण्टाअघि नै विमानस्थलमा पुग्नुपर्छ। वैदेशिक रोजगारमा जानेहरूका लागि अचेल त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा अतिरिक्त चेकजाँच हुन्छन् र प्रायः भीडभाड नै हुने भएकाले यी चेकजाँचमा पनि धेरै नै समय लाग्दछ। टिकटमा तोकिएको तौल सीमाभन्दा बढी र जहाजमा बर्जित सामानहरू जस्तैः लाइटर, चक्कु, झोल कुरा, क्रिम, अल्कोहलजन्य पदार्थ, लागुऔषध तथा लेभल नलागेका शंकास्पद खाद्यसामग्री लैजानु हुँदैन।

प्रतिबन्धित सामग्री भेटिएमा जेल सजायसमेत हुनसक्छ। एयरलाइन्सले टिकट, पासपोर्ट, भिसा सबै चेक गरेपछि बोर्डिङ पास दिन्छ र सामान तथा हाते ब्यागका लागिसमेत टचाग दिन्छ। यी टचागहरूलाई सुरक्षित राख्नुपर्दछ, सामान हराएमा यही टचाग देखाएर क्षतिपूर्ति लिन सकिन्छ। सबै कागजातहरू हाते ब्यागमा या हातैमा राख्नुपर्छ र जहाँ-जहाँ मागिन्छ तुरुन्तै देखाउनुपर्दछ।

कुनै पनि कागजातहरू केरमेट गरिएको हुनुहुँदैन। अरबी या अंग्रेजीबाहेकका विदेशी भाषाका डकुमेन्टहरू पहिल्यै अंग्रेजीमा (मान्यताप्राप्त अनुवादकबाट) अनुवाद गराइएको हुनुपर्दछ। विमानस्थलमा जाँदा र उत्रिँदा, अलमल नगरी, शिष्ट र सभ्य बनी लाइनमा उभिनुपर्छ र जाँचकी तथा सुरक्षाकर्मीले सोधेका प्रश्नहरूको स्पष्ट जवाफ दिँदै मागेका कागजात देखाउनुपर्दछ। अन्तिममा अध्यागमनका कर्मचारीले पासपोर्टमा 'डिपार्चर स्टचाम्प (छाप)' लगाइदिन्छन् र यही नै विदेश उडेको रेकर्ड पनि हुन जान्छ। यो छाप लागे नलागेको निर्क्योल गर्नुपर्छ।

गन्तव्यमुलुकको विमानस्थलमा उत्रिएपछि त्यहाँको अध्यागमनको प्रक्रियाहरू पूरा गर्नुपर्दछ। रोजगारदाता कम्पनीको नाम, ठेगाना, सम्पर्क व्यक्ति र सम्पर्क नम्बरहरू मोबाइल नम्बरसमेत अनिवार्य लिनुपर्दछ। त्यहाँको नेपाली दूतावास साथै एनआरएनएजस्ता सहयोगी संस्थाका सम्पर्क नम्बर पनि लिएर जाँदा राम्रो हुन्छ।




# आत्महत्या गर्न हिंडेका चरा !

गाउँको सिरानीमा कमेरोले पोतेको सेताम्मै घर लस्करै छन् दक्षिण मोहोडा भएका। लस्करै पूर्वबाट पश्चिमतर्फ बनेका ती सेताम्म्ये घरहरू टाढाबाट हेर्दा चिटिक्क देखिन्छ। पहिलेपहिले ती घरहरूमा मानिस पनि बस्थे। ठूलो परिवार हरेक घरमा भेटिन्थे। हजुरबा, हजुरआमा काका, ठूला बा ठूली आमा, फूपू जति छन्। सबै एउटै घरमा हुन्थे।

साँझ बिहान खाना पकाउनेलाई निकै नै असिनपसिन हुन्थ्यो। किनकि ठूलो परिवार २०-२५ जना नै हुन्थे खाना खाने। लोग्ने मानिसहरू बिहान उठेर खेतबारीमा मौसमअनुसारका काम गर्न जान्थे। बुहारी समूह पत्झर, घाँस दाउराका लागि जंगल जान्थे।

हरेक दिन लस्करै बसेर ठूलादेखि साना उमेरसम्मका व्यक्तिहरू खाना खान बस्दा हरेक दिन भोजजस्तै हुन्थ्यो। सबैले आ-आफ्नो जिम्मेवारीअनुरूप काम गर्थे, खुसी थिए। सुखी थिए।

मेलापात होस् वा पँधेरोमा पानी ओसारपसार गर्दा मानिसहरूको बेग्लै आनन्द महसुस गर्थे। तर अहिले धेरै परिवर्तन भइसकेको छ त्यो ठूला घरे टोलमा। टाढाबाट हेर्दा लस्करै सेताम्म्ये आकर्षक देखिने ती घरहरू नजिक पुगेर हेर्दा अवस्था निकै दयनीय छ। पहिलेको जस्तो पिँढी, फलैँचा वा आँगनमा केटाकेटीहरू खेलेको पनि देखिँदैन। बूढापाका तमाखु तान्दै गफिएको पनि देखिँदैन। भित्तामा पोतिएका कमेरो उप्किँदै छन्। पूर्वपट्टी बाँसघारीको छेउमा रहेको श्याम दाइको घरदेखि पश्चिमतर्फ इन्दू काकीको घरसम्मकै आँगनमा झार उम्रन थालेका छन्। माझघरे भान्दाइ डिलमा उभिएर एक्लै बर्बराइरहेका छन्। भान्दाइको आडैमा आएर श्याम प्रश्न गर्छन्। 'हैन हो भान्दाइ के हेरेर एक्लै बर्बराइरहेका छौं ?'

भान्दाइ झस्कँदै, 'कस्तो मान्छे कस्तरी झस्काइदियो।'

'मैले कहाँ झस्काएको छु र, राम्ररी नै सोधेको छु त ?'

'एकोहोरो टोलाएर हेर्दै थिए अनि झस्के नि !' आफैं उत्तर पनि दिन्छन् भान्दाइ।

'के भो किन टोलाउनुभएको त ?'

पर देखाउँदै, 'ऊ पर हेर त ! ती चराहरूको भीड उड्दै उड्दै कहाँ पुगेर आत्महत्या गर्ने हुन् !'

श्याम तीन छक्क पर्छ। 'ल के कुरा गरेको ? चराहरू पनि कहीँ आत्महत्या गर्छन् त ?'

'किन गर्दैनन् ? गर्छन् नि। हरेक प्राणीले पीडा बोकेर हिँडचो भने त्यसले आत्महत्या गर्छ। तर गर्नु हुन्न भन्छु म त।'

श्याम अझ अचम्म पर्छ र सोध्छ, 'हैन हो भान्दाइ चराले साँच्चै नै आत्महत्या गर्छ भन्या ? कसले कुरा सुनाउनुभयो।'

'हो, गर्छन् रे ! एक्लै होइन श्याम सामूहिकरूपमा आत्महत्या गर्छन् रे।'

त्यही बेला टुप्लुक्क आइपुग्छिन् इन्दूकुमारी। पहिलेपहिले सबैले काकी भन्थे। अब त काकी भन्ने मान्छे पनि छैनन् टोलमा। त्यही भएर साना-ठूला सबैकी काकी भएकी छन् इन्दूकुमारी।

'लौ बस बस इन्दू बेलैमा आइपुगिछौं, बरु खाजा खाएर आयौं कि नाइँ ?' भान्दाइले सोधे ?

'यी काकी खाजा नखाई के हिँड्थिन् र, जे गर्छिन् टाइम्मै गर्छिन् नि !' श्यामले थपे। 'कि होइन हो काकी ?'

हाँस्दै इन्दूकुमारी 'तिमीले भनेजस्तै हो' भन्दै श्यामकै पक्षमा बोल्छिन्। 'के हो आज भान्दाइको मनोभाव ठीक छैनजस्तो छ त ?'

'त्यस्तै देख्नु म पनि। आज भान्दाइको कुरा सुनेर अनौठो लागिराको छ मलाई' श्यामले उत्तर फर्काउँछ। 'किन र ?' भान्दाइले सोध्छन्।

'किन हुनु र तपाईं चरा आत्महत्या गर्न हिँडचो भन्नुहुन्छ, अनि अनौठो नमानौं त ?'

त्यत्तिकैमा पारिपट्टीको चाँपको जंगल देखाउँदै, 'साँच्चै ती उडेका चराहरूले आत्महत्या गर्न थाले भने के हुन्छ होला है।'

इन्दूकुमारीको कुरा सुनेर भान्दाइको मुखबाट फचाटै निकाल्छन्। 'यी चराहरू पनि आत्महत्या गर्न हिँडेका हुन्। जसरी हाम्रा बचेराहरू उडेरै विदेशको भूमरीमा फसेर आत्महत्या गरिरहेका छन्। यी चराहरू पनि आत्महत्या गर्न ठाउँ खोजिरहेका छन् ! केही हुँदैन प्रकृतिमा जसरी आयो त्यसरी नै बिलाउने हो।'

श्यामले जिज्ञासा राख्छन्, 'होइन हो भान्दाइ, यी उडेका चराहरू साँच्चै आत्महत्या नै गर्न उडेका हुन् त ?'

'हो के हो नपत्याए यसो किताब पढ्नू,' अझ मैले थाहा पाएअनुसार भारत भन्ने देशको असाम राज्यको उत्तरी काछारा पहाडी क्षेत्रको जतिंगा भन्ने गाउँ चराले आत्महत्या गर्ने गाउँको रूपमा चिनिन्छ रे !'

अब हाम्रा मान्छेका बचेरा उडेर अस्ट्रेलिया, अमेरिका, क्यानडा, जापान पुगेर आत्महत्या गर्न थालेका छन्। को-को कहाँ पुगेर आत्महत्या गर्छन् भन्ने लेखाजोखा नै हुँदैन।' भान्दाइले इन्दूकुमारी र श्यामलाई बताउँछन्।

'त्यही त कहिले कहाँ कहिले कहाँ नेपालीले आत्महत्या गरे भन्ने समाचार सुन्नमा आउँछ त ? तर होइन हो भान्दाइ, मलाई अझै विश्वास लागेन हो चराले आत्महत्या गर्छन् भनेर,' श्यामले अर्को प्रश्न थप्छन्।

'अब कुरो के हो भने श्याम हामी रंगीचंगी संसारको खोजीमा भौतारिएका छौं। हिजो यही पाँच घरेको रौनक कस्तो थियो। अव आज हाम्रा भाइ भतिज छोरा नाति कोही पनि छैन। तिमी हामीले मात्रै कुरेर बसेका छौं यो टोल यस्तै गाउँ !'

जब हामी रंगीचंगी संसारमा रमाउन खोज्छौं र रमाउनकै लागि तड्पिन थाल्छौं, नसकेपछि आत्महत्या गर्छन्। अब यी चराहरूको पनि त्यस्तै होला। यिनीहरूले जहाँ गएर आत्महत्या गर्छन् नि त्यो जतिंगा भन्ने गाउँ। हो त्यो पनि सुन्दर उपत्यका हो। त्यो ठाउँ नै रंगीविरंगी बगैंचाहरूका लागि प्रसिद्ध छ। अब रंगीचंगीमा रमाउन आउँदा चराहरू एक्लै होइन सामूहिकरूपमा आत्महत्या गर्छन्। अब किन गर्छन् भन्ने कुराचाहिँ मलाई पनि थाहा छैन। तर, चराहरूले आत्महत्या भने गर्छन् भन्ने कुराचाहिँ हो है।

'रंगीचंगीमा रमाउँदा कतै चराहरूले आत्महत्या गर्छन्, कतै मान्छेका बचेराहरूले आत्महत्या गर्छन्। कुरा उस्तै हो। सबैको भाग्यमा जे लेखेर आएको छ त्यही हुने हो।' भान्दाइले कुरा टुंग्याउन खोजेजस्तो लागेर इन्दूकुमारी 'आमै नि त ! यस्तो पनि हुँदो रैछ' भन्दै आफ्नै जिब्रो टोक्छिन्, इन्दूकुमारीको पारा देखेर श्याम खितित्त हाँस्छन्। उता भान्दाइ भने उही आत्महत्या गर्न उडिरहेका चराहरूतिर आँखा डुलाइरहन्छन्।



**महानगर प्रमुखबाट अक्षरारम्भ** | चितवनको भरतपुर महानगरपालिका–६ स्थित देवज्योति आधारभूत विद्यालयमा सोमबार भर्ना हुन आएका बालबालिकालाई अक्षरारम्भ गराउँदै भरतपुर महानगर प्रमुख रेनु दाहाल । *तस्बिरः सनद अधिकारी ⁄ रासस*

# प्रादेशिक सेवा दिंदै क्यान्सर अस्पताल

**चितवन (प्रस)**– यहाँको बिपी कोइराला मेमोरियल क्यान्सर अस्पतालले प्रादेशिकरूपमा सेवा दिन थालेपछि स्थानीय लाभान्वित भएका छन् । अस्पतालले कर्णालीको सुर्खेत प्रादेशिक अस्पताल, सुदूरपश्चिमको सेती प्रादेशिक अस्पताल धनगढी र गण्डकीको पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानमा सेवा दिँदै आएको छ ।

अस्पतालले सुर्खेत र धनगढीमा दुईपटक क्याम्पमार्फत सेवा दिइसकेको छ । मंगलबार सुर्खेत र बुधबार धनगढीमा तेस्रोपटक सेवा दिँदै छ । गण्डकीमा एक पटकमात्र सेवा दिइएको छ । अस्पतालका उपनिर्देशक डा. उमेश नेपालका अनुसार चिकित्सकसहित आठ जनाको टोलीले सेवा दिने गरेको छ । पहिले नै मिति तय गरेर क्यान्सरका बिरामीको नाम टिपेर एकै पटक सेवा दिने गरिएको छ ।

एक पटकमा १५० हाराहारी क्यान्सरका बिरामीले सेवा लिएको उनले जानकारी दिए । टोलीमा पाँच जना विशेषज्ञ चिकित्सक, दुई नर्स र एक प्रशासनिक कर्मचारी यहाँबाट जाने गर्दछन् भने अन्य सहयोग त्यहीँको अस्पतालबाट लिने गरिन्छ । स्वास्थ्य परीक्षण, नियमित जाँच र शल्यक्रियासम्म त्यहीँको अस्पतालमा गर्ने गरिएको छ ।

जटिल अवस्था भएमा यही बोलाएर उपचार दिने गरिएको छ । अस्पतालका कार्यकारी निर्देशक डा. शिवजी पौडेलका अनुसार नाम टिपाएका बिरामीमध्ये धेरै जुन क्यान्सरका छन् त्यहीअनुसारका विभागीयविज्ञ चिकित्सक पठाउने गरिएको छ । यहाँबाट गएको टोलीले त्यहाँका चिकित्सक र स्वास्थ्यकर्मीसँग क्यान्सर रोग सम्बन्धमा छलफल गर्ने गरेको छ । रोग पहिचान, उपचारलगायतका बारेमा अनुभव आदानप्रदान गर्ने गरिएको उनले जानकारी दिए । पौडेलले भने, 'सम्बन्धित अस्पतालमा भएका स्रोत साधनलाई अधिकतम उपयोग गरेर सकेसम्म त्यहाँ गर्न सकिने उपचार त्यहीँ गर्ने गरेका छौं ।'

स्वास्थ्य तथा जनसंख्यामन्त्री प्रदीप पौडेलले गत साउन २७ गते सार्वजनिक गरेको आफ्नो योजना तथा प्राथमिकतामा क्यान्सर उपचार सेवा विस्तार गर्ने उल्लेख गरेका थिए । सोहीबमोजिम बिपी कोइराला मेमोरियल क्यान्सर अस्पतालले प्रादेशिक अस्पताल सुर्खेत, सेती प्रादेशिक अस्पताल धनगढी र पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानबाट सेवा दिएको हो ।


## साउदीमा रोजगार
कम्पनी : ARZAQ AL MADINAH TRADING COMPANY

पूर्व स्वीकृति मिति : २०८१/१०/२० | LT. No. 318104 | चलानी नं. ६०२३२३४३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | LABOR LODING & UNLOAD | 15 | 0 | 1000 | ३७,४२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ माघ २९ गते (11th Feb. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

NOOR OVERSEAS
श्रम ईजाजत नं. १०८८/०७३/०७४

Al Noor Overseas Pvt. Ltd
Samakhushi-26, Kathmandu, Nepal Phone : +977-4983094, 4960824
E-Mail : operation.alnoor@gmail.com, mktmp.alnooroverseas@gmail.com, Website : www.alnooroverseas.com

## कुवेतमा रोजगार
कम्पनी : Creation Burger Restaurant

पूर्व स्वीकृति मिति : २०८१/१०/२० | LT. No. 317865 | चलानी नं. ६०२३२२८०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner Indoor | 6 | 10 | 95 | ४३,१७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Kitchen Helper | 0 | 10 | 120 | ५४,५३५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ माघ २९ गते (11th Feb. 2025) मा हुनेछ ।
संस्थाको कार्यालयमा प्रि-अन्तरवार्ता धमाधम भइरहेको छ ।


| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


Ujyalo Overseas Pvt. Ltd.
Kathmandu, Nepal Tel : +977-1-4110543 , 9861588349, 9842050869
E-mail : ujyalo.overseas2017@gmail.com Website : ujyalooverseas.com
श्रम ईजाजत नं. १३३९/०७४/०७५

## कतारमा रोजगार
कम्पनी : AL ARBIYA TRADING

पूर्व स्वीकृति मिति : २०८१/१०/२० | LT. No. 317989 | चलानी नं. ६०२३२३६१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cashier | 0 | 5 | 1400 | ५३,१९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Driver | 7 | 0 | 1500 | ५६,९९५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ माघ २९ गते (11th Feb. 2025) मा हुनेछ ।


| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


TARGET
Target Consultant Human Resources Pvt. Ltd.
Sinamangal-9, Shambhu Marga, Kathmandu, Nepal. Tel: +977- 015911250/015911251
E-mail: info@targetnepal.com, Web: www.targetnepal.com
श्रम इजाजत नं. ८३३/०६६/०६७

## साउदीमा रोजगार
कम्पनी : Establishment Abdullah Khalid Ahmad Al-qusayr Commercial

पूर्व स्वीकृति मिति : २०८१/१०/०९ | LT. No. 317983 | चलानी नं. ६०२३२३५१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Helper | 1 | 0 | 2000 | ७४,८५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय ललितपुरमा मिति: २०८१ माघ २९ गते (11th Feb. 2025) मा हुनेछ ।


| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


Humour Overseas Pvt. Ltd.
Gwarko-7, Lalitpur, Tel No. +977-01-5528563, 5531210, 5525424
Email : humouroverseas777@gmail.com, infohumour@gmail.com, www.humouroverseas.com
श्रम ईजाजत नं. ७७७/०६५/०६६

## रोमानियामा रोजगार
कम्पनी : UMAN CARE RECRUITING S.R.L.

पूर्व स्वीकृति मिति : २०७९/१२/२० | पुन विज्ञापन स्वीकृति मिति : २०८१/१०/२१ | LT. No. 283876 | चलानी नं. ६०१९९३१०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब USD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 10 | 0 | 550 | ७७,२१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Cook Helper | 10 | 0 | 550 | ७७,२१५ | | | | | | | |
| 3 | Factory Worker | 20 | 10 | 550 | ७७,२१५ | | | | | | | |
| 4 | General Worker | 40 | 10 | 550 | ७७,२१५ | | | | | | | |
| 5 | Shuttering Carpenters | 10 | 0 | 650 | ७७,२१५ | | | | | | | |
| 6 | Waiter | 10 | 0 | 550 | ७७,२१५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: Sunsari, Itahari, Munal Training Centre मा मिति: २०८१ फागुन ४ गते (16th Feb. 2025) मा हुनेछ ।
Chitwan, Bharatpur, Garden Resort मा मिति: २०८१ फागुन ४ गते (16th Feb. 2025) मा हुनेछ ।
Jhapa, Birtamode, CP Hotel मा मिति: २०८१ फागुन ५ गते (17th Feb. 2025) मा हुनेछ ।
Kaski, Pokhara, Lekhnath Metro City, Bajeko Sekuwa मा मिति: २०८१ फागुन ५ र ६ गते (17 & 18 Feb. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


LAL DHANUS INTERNATIONAL SERVICE PVT. LTD.
Mahankal, Boudha, Kathmandu, Nepal, Contact: 9802021369
E-mail : info@laldhanus.com, Web: www.laldhanus.com
श्रम ईजाजत नं. ५७६/०६२/०६३


# बुबाआमासँगै भारत जाने बाध्यताले बालबालिकाको पढाइ प्रभावित

■ टेकराज केसी

**भेरीगंगा (सुर्खेत)**- विद्यालय जाने उमेरका बालबालिका अभिभावकको पछि लागेर भारतको मुग्लान जानु यहाँका लागि नौलो होइन । दैलेख गुराँस गाउँपालिका-२ मा यो चलन लामो समयदेखि चलिरहेको छ । जसले गर्दा बालबालिका विद्यालय शिक्षाबाट वञ्चित हुनुपर्ने अवस्था छ ।

'गाउँमै बसेर छोराछोरी पढाउने रहर नभएको होइन, तर कमाइका लागि भारत जानु हाम्रा लागि बाध्यता भयो, केटाकेटीलाई यहाँ एक्लै छाड्न सकिन्न,' स्थानीय दलबहादुर विकले भने । रोजीरोटीका लागि मुग्लान जानुको विकल्प नभएको उनको भनाइ छ ।

विकका अनुसार गाउँका अधिकांश व्यक्ति रोजगारीका लागि भारतमै आश्रित छन् । दलित समुदायको बाहुल्यता रहेको यस वडाका मानिसहरू भारत जाँदा सपरिवार जाने चलन छ । भारतमा जसले जे काम पायो त्यही गर्ने र केही कमाइ गरेर नेपाल फर्कने उनीहरूको चलन पनि हो ।

जागिरको खोजीमा अधिकांश मानिस भारत जाँदा बालबालिका पनि सँगै लैजाने चलन रहेको वडा नं २ का सदस्य रामशिला विक बताउँछन् । 'यो दलित समुदायको बाहुल्यता भएको वडा हो, रोजगारीका लागि भारतमा जाने प्रचलन यहाँका लागि पुरानो हो, यहाँ गरिबीको अवस्था धेरै छ, त्यसमा पनि दलित समुदायको अवस्था दयनीय छ, उनीहरूले छोराछोरीलाई पनि सँगै लैजाने भएकाले पढ्न पाउँदैनन,' उनले भने । यस विषयमा आफूले वडादेखि गाउँपालिकालाई समेत ध्यानाकर्षण गराइरहेको भए पनि समस्या समाधान हुन नसकेको उनले बताए ।

विद्यालय उमेर समूहका बालबालिका अभिभावकको साथमा भारतमै जाँदा बालबालिकाको शिक्षा पाउने अधिकारसमेत वञ्चित भएको भन्दै शिक्षा क्षेत्रका सरोकारवालाहरूले पनि चिन्ता व्यक्त गरेका छन् । वडामा सञ्चालित भैरव प्राथमिक विद्यालय लमचुडीका प्रधानाध्यापक महेन्द्र रामजालीले अन्य वडाको तुलनामा वडा नं २ शिक्षाको अवस्था राम्रो नरहेको बताउँछन् । साथै महादेव माध्यामिक विद्यालयका प्रधानाध्यापक रेशम भट्टराई पनि भारत जाने चलनका कारण विद्यार्थीले पढ्न नपाएको बताउँछन् । 'जबसम्म सरकारले गाउँमै रोजगारी गर्ने खालका कार्यक्रम ल्याउँदैन, तबसम्म सबै बालबालिकालाई विद्यालयमा ल्याउन गाह्रो छ,' उनले भने ।

भैरव प्रावि रानिवनका प्रधानाध्यापक नन्दा शाहीले पनि आफूहरूले बालबालिकालाई नियमित विद्यालय आउन जनचेतनाका कार्यक्रम सञ्चालन गरे पनि अवस्था परिवर्तन हुन नसकेको बताए ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

## कम्पनीको दर्ता खारेज गरिएको सूचना

यस कार्यालयमा मितिः २०७९/१२/३० मा दर्ता भएको प्रा.लि.नं. ३१०९७७ को **सारदा मेडिकल ग्रुप प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८१/१०/२० को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ बमोजिम खारेजीका लागि सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

## कम्पनीको हकदावी सम्बन्धी सूचना

यस कार्यालयमा मिति २०६३/०५/०९ मा दर्ता भएको **अर्बिट हेण्क्राफ्ट प्रोडक्शन प्रा.लि. (प्रा.लि. नं. ४१२५६)** नामक कम्पनीले दर्ता खारेज गरि पाउं भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हकदावीको लागि ३५ दिनभित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्यादभित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।

## कर्मचारी हटाइएको सम्बन्धी सूचना

यस **Sky Blue H.R. Solution Pvt.ltd** (ई.प.नं. १६६४/०८०/०८१) मा कार्यरत **मोनिका शर्मा (ना.प्र.प्र.नं: १५-०१-७५-०४१३५)** ले यस प्रा.लि. मा काम गर्दै आउनु भएको र आफ्नो व्यक्तिगत काम विशेषका कारण राजीनामा दिनु भएको हुनाले निजसँग यस प्रा.लि. सँग सम्बन्धित आर्थिक तथा अन्य कुनै पनि कारोबार नगर्नु नगराउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । यदि निजसँग वैदेशिक रोजगारसँग सम्बन्धित कुनै आर्थिक लेना देना भएमा यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र यस प्रा.लि. मा सम्पर्क गर्न आउनुहोला अन्यथा कानून बमोजिम भै जाने व्यहोरा अनुरोध छ ।

SKY BLUE H.R. SOLUTION PVT.LTD
Sinamangal-9, Gairigaun, Kathmandu, Nepal, Tel: 01-4593566, 9802358961/65,
Emal: skybluehrsolutionspvtltd@gmail.com, Web: www.skybluehr.com

# आलु फुट्ने रोगले रुपन्देहीका किसान चिन्तित

■ दामोदर खनाल

**रूपन्देही-** प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाअन्तर्गत ठूलो खालको आलु लगाएका रूपन्देहीको तिलोत्तमा नगरपालिका-१३ बबनीका किसानले आलुखेती लगाउने बेलामा बीउ, मलखाद, सिँचाइको समस्या भोग्दै आएका छन् । त्यसमाथि आलु फल्दा नै फुट्ने समस्याले उनीहरूलाई थप चिन्तामा पारेको छ ।

तिलोत्तमा बबनी गाउँका तीन दर्जनभन्दा बढी किसान 'नव बबनी अन्नबाली बीउ उत्पादन कृषक समूह' मा आबद्ध भएर 'सेजिटा' प्रजातिको ठूलो खालको आलुखेती गरेका यहाँका किसान उत्पादन स्याहार्दा ठूलाठूला फुटेको आलु फलेपछि चिन्तित भएका हुन् । आलुमा रोग लागेपछि फुस्रो हुने, फुट्ने, पात पहेँलो हुनेजस्ता लक्षण देखापरेको स्थानीय किसान नरबहादुर पुन मगरले बताए । यस्तो आलु बिक्री नहुने भएकोले आगामी वर्ष यो प्रजातिको आलु लगाउने कि नलगाउने भन्ने दोधारमा उनी परेका छन् ।

समूहकी सचिव कुस्मा पुनले तालिम लिएर आलुखेतीमा लागेकी हुन् खेती लगाउँदा मल,



बीउ समयमा नपाउँदा समस्या भयो । ढिलो उपलब्ध भएको बीउ पनि २५० ग्रामसम्मका ठूला भएकाले समस्या भयो । फुटेका आलु फल्नुको कारण फोसफरसलगायतको कमी हुनसक्ने प्राविधिकले बताएको जानकारी दिइन् ।

समूहका अध्यक्ष खुमबहादुर घर्ती ५० प्रतिशत अनुदानमा बीउ उपलब्ध भए पनि समयमा बीउ उपलब्ध नहुँदा कतिपय किसानले स्थानीय आलुको बीउ लगाएर खेती गर्नुपर्दा उत्पादनसमेत कम भएको बताए । हाल सिँचाइका लागि बोरिङको व्यवस्था भएकोले अबका दिनमा केही सहज हुने उनले बताइन् ।

कृषिमा आधारित अर्थतन्त्रबाट कृषिजन्य उद्योगमा रूपान्तरित आधुनिक व्यावसायिक, दिगो एवं आत्मनिर्भर कृषि क्षेत्रको विकास गर्ने लक्ष्यसहित प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना सुरु गरिएको हो । किसान कृष्णप्रसाद थारुले आफूले दुई कट्ठा जमिनमा सहुलियतको आलुको बीउ लगाएर राम्रो उत्पादन लिन सफल भएको बताए । 'सिँचाइका लागि परियोजनाबाट बोरिङको व्यवस्था भइसकेको छ । आगामी दिनमा समयमै बीउ उपलब्ध भई रोग नियन्त्रणका लागि औषधि र प्राविधिक सुविधा प्राप्त भए किसानले राम्रो उत्पादन लिनसक्ने छन्,' उनले भने ।

यहाँको बबनी गाउँमा तीन दर्जनभन्दा बढी किसान मिलेर करिब चार बिघा जग्गामा खेती गर्ने योजना बनाएका छन् । हाल उनीहरूले करिब दुई बिघा जग्गामा एक वा दुई कट्ठाका दरले प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाअन्तर्गत आलुखेती गर्न सुरु गरेका छन् । यद्यपि परियोजनाको तर्फबाट प्राविधिकहरूले निरन्तर अवलोकन र आवश्यक सुविधा समयमा उपलब्ध गराउन नसक्दा कार्यक्रम त्यति प्रभावकारी हुन सकेको देखिँदैन ।

# Bheemdatt Municipality
## Office of Municipal Executive
### Kanchanpur

## Invitation for Bid

**(Date of Publication: 2081/10/22)**

1. Bheemdatt Municipality, Office of the Municipal Executive, Mahendranagar, Kanchanpur invites electronic bids from eligible bidders for following works:

| Contract Number | Description Procurement | Estimated Amount in NRs. (Excl. VAT & PS Items ) | Bid Security Amount (NRs) | Bid Documents Fee (NRs) | Last Date of Bid Submission | Date of Bid Opening |
|---|---|---|---|---|---|---|
| 45/RUI/ NCB/ 2081/082 | Various Road upgrading Works, Ward no.19 | NPR- 20,78,343.92 | NPR- 61,000.00 | 3,000.00 | 22nd Falgun 2081 At 12:00 PM | 22nd Falgun 2081, 13:00 PM |

2. Eligible Bidders may obtain further information at Bheemdatt Municipality, Office of Municipal Executive, Mahendranagar, Kanchanpur (Tel- 099-521322,521167) or may visit PPMO's website, http://bolpatra.gov.np/egp.

**Chief Administrative Officer**

## रूपशाला

### 'जनै हराएको बाहुन'को छायांकन चैतमा

अभिनेता विजय बरालको मुख्य अभिनय रहने फिल्म हो 'जनै हराएको बाहुन' । फिल्मको छायांकन आगामी चैतबाट सुरू हुनेछ । फिल्म हिमाल न्यौपानेले निर्देशन गर्दैछन् । हिमाल यसै फिल्मबाट निर्देशनमा डेब्यु गर्न लागेका हुन् । 'प्रेमगीत ३'का अभिनेता मनिष राउत एसोसिएट निर्देशक रहने फिल्मलाई पेपरक्लिप प्रालिले निर्माण गर्न लागेको हो । कथा, पटकथा तथा संवाद भानुभक्त ढकालको रहने फिल्मको निर्माता सीआर बस्नेत, कमल न्यौपाने, आरके मानन्धर, विमल न्यौपाने, फिलिप डिसी र निशान्त श्रेष्ठ छन् ।





# रियालिटी शो 'कमेडी किड्स'को औपचारिक घोषणा

■ प्रभाव संवाददाता

**काठमाडौं** – पछिल्लो समय नेपालमा रियालिटी शोहरूको संख्या बढ्न थालेको छ । रियालिटी शोप्रति दर्शकको चासो पनि बढ्न थालेको छ ।

आज 'वसन्त पञ्चमी'को शुभ अवसरमा रघुजी फिल्म्सले नयाँ रियालिटी शो 'कमेडी किड्स'को औपचारिक घोषणा गरेको छ । मध्य बानेस्वरमा रहेको घराना लन्ज एण्ड बारमा पत्रकार सम्मेलनको आयोजना गर्दै शोको औपचारिक घोषणा गरिएको हो । घोषणा कार्यक्रममा रियालिटी शो 'कमेडी किड्स'को लोगो सार्वजनिक गरिएको छ ।

बालबालिकाहरूलाई लक्षित गरी निर्माण गरिने शोमा चार देखि १४ वर्षसम्म उमेर समूहकाले भाग लिन पाउने रघुजी फिल्म्सका सञ्चालक रघुनाथ सापकोटाले बताए । फागुनको पहिलो साताबाट डिजिटल अडिसन खुला गरिने पनि उनले बताए । सन्तोष खनालले निर्देशन गर्ने शोको जुरी टिम र अन्य टिम फाइनल हुन बाँकी रहेको छ । डिजिटल पार्टनर ओएसआर डिजिटल र भोटिंग पार्टनरमा ओएसआर कनेक्टसँग सम्झौता भएको छ । शो प्रसारण हुने टेलिभिजन फाइनल हुन बाँकी रहेको बताइएको छ । प्रतियोगितामा विजेताले नगद पुरस्कार प्राप्त गर्नेछन् ।




# सन्दिपले ल्याए 'अपरावर्ती'

**काठमाडौं (प्रस)**– वसन्त पञ्चमी तथा सरस्वती पुजाको अवसर पारेर लेखक तथा कवि सन्दिप बोहोरा क्षेत्रीले पहिलो कवितासंग्रह 'अपरावर्ती' सार्वजनिक गरेका छन् ।

देव डी प्रोडक्सनले बजारमा ल्याएको कवितासंग्रहमा कुल ८७ कविता संग्रहित छन् । कवि तथा लेखक क्षेत्रीले समाजमा देखेको र आफ्नो भोगाईलाई अक्षरमार्फत कवितामा उतारेको बताए ।

उनले भने, 'कवितामार्फत आफूसँगै अरुको अस्तित्व स्वीकार्नु पर्छ भन्ने मान्यतालाई व्यक्त गरेको छु । यहाँ आफैंमा हराईरहेकालाई अरुको विषयलाई जानकारी गराउने शब्दलाई कवितामा प्रयोग गरेको छु । यसमा किसान, समाजसबैको पक्षलाई समेटिएको छ ।' उनले सन् २०१५ देखि नै कविता लेख्ने गरेता पनि पछिल्ला केहि वर्षमा देखेको समाज र भोगाईलाई कवितामा उतारेको बताए । उनले 'अपरावर्ती' को अर्थ हार नमान्ने व्यक्ति रहेको बताए । 'यो एउटा प्रयासरत व्यक्तिको भोगाई हो । जसले हार नमानेर आफ्नो सपना साकार गर्न संघर्ष गरिरहेको छ । यसलाई धेरैले रिलेट गर्नुहुन्छ भन्ने लागेको छ', कवि क्षेत्रीले भने ।

# प्रीतम श्रेष्ठको 'माकुरीको जाल' सार्वजनिक




■ प्रभाव संवाददाता

**काठमाडौं** – सांगीतिक क्षेत्रमा सक्रिय गीतकार तथा सर्जक प्रीतम श्रेष्ठको नयाँ लोकगीत 'माकुरीको जाल' सार्वजनिक भएको छ । गीतलाई प्रीतम श्रेष्ठकै युट्युब च्यानल 'प्रीतम श्रेष्ठ'मार्फत सार्वजनिक गरिएको हो ।

गीतमा अर्जुन सापकोटा र शान्ता रानी परियारको सुमधुर स्वर सुन्न सकिन्छ भने संगीत संयोजन कृष्ण बजुरालीले गरेका छन् । यस गीतको निर्देशन प्रविण थापाले गरेका हुन भने छायांकन राजेश घिमिरेले र सम्पादन अमृत चापागाईंले गरेका छन् । गीतको म्यूजिक भिडियोमा चर्चित कलाकार विना राउत र मुकुन्द भट्टको दमदार अभिनय देख्न सकिन्छ ।

हाल अमेरिकाको सान फ्रान्सिस्को, क्यालिफोर्नियामा बसोबास गरिरहेका प्रीतम श्रेष्ठ, क्यालिफोर्निया राज्यको अनुसन्धान डेटा विशेषज्ञको रूपमा कार्यरत छन् । नेपालबाट टाढा रहे पनि नेपाली संस्कृति र संगीतप्रति गहिरो लगाव राख्दै, उनले निरन्तर रूपमा परम्परागत नेपाली लोकगीत लेख्दै र संगीतबद्ध गर्दै आइरहेका छन् ।

प्रीतम श्रेष्ठले हालसम्म 'मुटु रेटियो', 'माथि माथि माया बग्छ', र 'यसपालीको दशैं-तिहार' जस्ता विभिन्न गीतहरू सार्वजनिक गरिसकेका छन्, जसले श्रोतामाझ राम्रो चर्चा कमाएका छन् ।

'मकुरीको जाल' गीतले प्रेम, समर्पण, माया र पीरतीका बीभीध आयामलाई कलात्मक रूपमा प्रस्तुत गरेको छ । चर्चित कलाकार मुकुन्द भट्ट र विना राउतको अभिनयले गीतलाई थप जीवन्त बनाएको छ ।

# 'जुना:एक व्यथा'को रत्यौली गीत 'साली ज्यू'

■ प्रभाव संवाददाता

**काठमाडौं** – यही माघ २५ गतेबाट रिलिज हुने बहुप्रतिक्षारत फिल्म 'जुना:एक व्यथा'को रत्यौली गीत 'साली ज्यू' सार्वजनिक भएको छ । गीतमा पूर्णकला बिसीको स्वर, भीमबहादुर पौडेलको शब्द र बीबी अनुरागीको संगीत छ ।

ओएसआर डिजिटलबाट सार्वजनिक गीतको भिडियोमा बिनु कार्की, अस्मिता बस्नेत र नेहा गौतमले नाँचेका छन् । विशेषत विवाहमा महिलाहरूले नाँच्ने रत्यौलीलाई प्रस्तुत गरिएको गीतमा एक केटीलाई केटाको गेटअपमा प्रस्तुत गरिएको छ । हाँसो ठट्टा शैलीमा प्रस्तुत गरिएको गीत कुनै घरको आँगनमा खिचिएको छ ।



गोदावरी फिल्म प्रोडक्सन एण्ड रिसर्च प्रालिको ब्यानरमा निर्माण भएको फिल्मले बाल विवाह, अनमेल विवाह, महिला हिंसालगायतका विषयलाई उठान गरेको छ । दीपकप्रसाद घिमिरेले निर्माण गरेको फिल्ममा जीवन सेञ्चुरीको निर्देशन छ ।

फिल्ममा अस्मिता ढकाल, कृष्णप्रसाद धिताल, देशभक्त खनाल, रश्मी भट्ट, अनिता बस्नेत, कमल बोहोरा र खगेन्द्र न्यौपानेको अभिनय छ । पर्वतको सालिजा ओखेनीमा छायांकन गरिएको फिल्ममा राजबहादुर सानेको कथा, बीबी अनुरागी र रमेश सेञ्चुरीको संगीत, जीवन सेञ्चुरी र भीमबहादुर पौडेलको शब्द, अञ्जु पन्त, पूर्णकला बिसी र यदु राई लकान्द्रीको स्वर र रामेश्वर हुमागाईंको डिओपी छ । फिल्मको वितरण एप्पल इन्टरटेनमेन्ट, रिच इन्टरटेनमेन्ट र एफडी कम्पनीले गर्नेछन् ।

## रंगशाला

**त्रिकोणात्मक महिला क्रिकेट**

# पहिलो जितको लक्ष्यसहित नेपाल थाइल्याण्डसँग भिड्दै




■ प्रभाव संवाददाता

**काठमाडौं** – राजधानीमा जारी महिला टी-२० शृंखलामा लगातार तेस्रो पराजय भोगेको नेपालले आज (मंगलबार) बलियो थाइल्यान्डसँग खेल्दैछ ।

नेपालले यसअघि नेदरल्याण्ड्ससँगका दुवै खेल र थाइल्याण्डसँगका खेलमा पराजय भोगेको छ ।

त्यसअघि सोमबार सम्पन्न खेलमा थाइल्याण्डले नेदरल्यान्ड्सलाई १७ रनले पराजित गरेको छ । कीर्तिपुरस्थित त्रिवि मैदानमा भएको खेलमा ल थाइल्यान्डले दिएको ८७ रनको सामान्य लक्ष्य पछ्याएको नेदरल्यान्ड्स १५ दशमलव ५ ओभरमा ६९ रनमा 'अल आउट' भयो । नेदरल्यान्ड्सका लागि कप्तान बाबेटी डी लिडेले सर्वाधिक २५ रन जोडिन् । आइरिस विलिङले १३ रन जोडिन् । यस्तै, क्यारोलिन डी ल्यासले १० रन बनाइन् ।

त्यसअघि टस हारेर पहिला ब्याटिङको निम्तो पाएको थाइल्यान्डले १९ दशमलव पाँच ओभरमा सबै विकेट गुमाउँदै ८६ रनको योगफल बनाएको थियो । थाइल्यान्डका लागि चानिदा सुत्थीरुआंगले सर्वाधिक २७ रन जोडिन् । फन्नीता मायाले १२ रन जोडिन् ।

नेदरल्यान्ड्सका लागि आइरिस विलिङ, इभा लिच, सिल्भर सिर्गेसले समान दुई-दुई विकेट लिए भने इसा बेल भान डरले एक विकेट लिइन् । नेदरल्यान्ड्सले थाइल्यान्डसँग लगातार दोस्रो हार बेहोरेको हो । यसअघि नेदरल्यान्ड्समाथि पहिलो भेटमा थाइल्यान्डले आठ विकेटको सानदार जित हासिल गरेको थियो ।

सिरिजमा सहभागी टोलीले एकअर्कासँग समान तीनपटक खेल्नेछन् । अङ्क तालिकाको शीर्ष स्थानमा रहने टोली विजेता बन्नेछ । नेपालले आज (मंगलबार) थाइल्यान्डसँग खेल्नछ ।

**अर्जुन ट्रफी राष्ट्रिय टी-२०**

# डडेलधुराको दोस्रो जित

■ प्रभाव संवाददाता

**बैतडी** – धनगढीमा जारी अर्जुन ट्रफी राष्ट्रिय क्रिकेट प्रतियोगिताअन्तर्गत आज भएको पहिलो खेलमा फ्रेन्ड्स क्लब डडेल्धुरा विजयी भएको छ । पहिलो खेलमा डिसिए धनगढीलाई ८ विकेटले पराजित गरेको डडेल्धुराले लगातार दोस्रो जित निकाल्ने क्रममा आज बोस्टर्न क्रिकेट एकेडेमी झापालाई ७७ रनले हरायो ।

जितका लागि पाएको १४४ रनको लक्ष्य पछ्याउने क्रममा झापाले १५ ओभरमा ९ विकेटको क्षतिमा ६६ रनमा सीमित भयो । उसका लागि सोनम बुढाथोकीले १७ र दीपु भुजेलले १५ रन बनाउनुबाहेक अन्यले दोहोरो अङ्कमा रन जोड्न सकेनन् ।

बलिङतर्फ डडेल्धुराका कुशल भुर्तेलले ४, अजय चौहानले २, कप्तान सन्दीप जोरा, अजय चौहान र रवि विष्टले १/१ विकेट झारे । यसअघि फाप्ला क्रिकेट मैदानमा टस हारेर पहिला ब्याटिङ गरेको डडेल्धुराले खराब मौसमका कारण १५ ओभरमा झारिएको खेलमा निर्धारित ओभरमा तीन विकेट गुमाएर १४३ रन जोड्यो ।

डडेल्धुराका लागि आयुषमान बम र कप्तान सन्दीप जोराले अर्धशतक प्रहार गरे । २३ रन जोड्दा २ विकेट गुमाएर धर्मराएको पारीलाई आयुषमान र सन्दीपले सम्हाले । यी दुवैबीच ८३ रनको महत्त्वपूर्ण साझेदारी भयो । तीस बलको सामाना गरेका जोरा ५१ रनमा आउट हुँदा चार छक्का र चार चौका प्रहार गरे । ओपनर आयुषमान ५७ रनमा नटआउट रहे । उनले ३६ बलमा ७ चौका र एक छक्का प्रहरा गरे । अविजित रहेका किरण ठगुन्नाले १० बलमा २ छक्का र एक चोकोको मद्दतमा २१ रन जोडे । ओपनर कुशल भुर्तेल २ रनमा आउट भए । विनोद भण्डारी ५ रनमा पवेलियन फर्के । बलिङमा झापाका अरुण ऐरीले दुई तथा पवन कार्कीले एक विकेट लिए । डडेल्धुराका आयुषमान बम प्लेयर अफ द म्याच चुनिए ।

जितसँगै डडेल्धुरा दुई खेलबाट चार अङ्कतालिकाको शीर्ष स्थानमा कायमै छ । साथै डडेल्धुरा सेमिफाइनल नजिक पनि पुगेको छ ।

गो ड्रिमर्सको आयोजनामा सुरु भएको प्रतियोगिताको विजेताले नगद रु १० लाख र उपविजेताले नगद रु पाँच लाख पाउने छन् । प्रतियोगिताको सर्वोत्कृष्ट खेलाडीलाई नगद रु एक लाख प्रदान गरिनेछ । उत्कृष्ट ब्याटर, उत्कृष्ट बलर र उदीयमान खेलाडीले जनही रु ५०-५० हजार पाउने छन् । प्रत्येक खेलका प्लेयर अफ द म्याचलाई नगद रु १० हजार प्रदान गरिने आयोजकले जनाएको छ ।

धनगढीमा क्रिकेट खेलको विकासका लागि महत्वपूर्ण योगदान गरेका प्रशिक्षक अर्जुन खड्काको स्मृतिमा आयोजना गरिएको प्रतियोगिता माघ २८ गतेसम्म सञ्चालन हुनेछ ।

**इन्टर स्कुल युथ फुटबल**

# भूपू सैनिकलाई उपाधि

■ प्रभाव संवाददाता

**वालिङ**– टाइब्रेकरमा श्री ज्ञानोदय इङ्लिस बोर्डिङ स्कुललाई पराजित गर्दै भूपू सैनिक इङ्लिस सेकेन्डरी स्कुलले यु-१४ इन्टर स्कुल युथ फुटबल लिग जितेको छ ।

सोमबार भएको खेलमा भूपू सैनिक र ज्ञानोदयबीचको निर्धारित समयको खेल गोलरहित बराबरीमा सकिएको थियो । त्यसपश्चात् उपाधिको छिनोफानो टाइब्रेकरमार्फत गरिएको हो । टाइब्रेकरमा भूपू सैनिकका फलराज गुरुङ, सुशान्त गुरुङ, दानसिंह थापा र दीपक दर्जीले गोल गरे । सक्षम सिंहले भने गोल गर्न सकेनन् ।

ज्ञानोदयका सुशान्त गुरुङ, सन्जोग राणा र असुन आलेले गोल गरे । तेजप्रसाद गुरुङ र कृशल थापाले भने सदुपयोग गर्न सकेनन् । फाइनल खेलको म्याच अफ द म्याच भूपू सैनिकका दीपक घोषित भए ।

प्रतियोगिताको सर्वाधिक गोलकर्ता एभरग्रीन बोर्डिङ स्कुलमा रिज्वन राणा रहे । उत्कृष्ट गोलकिपर ज्ञानोदयका सुदर्शन थापा, उत्कृष्ट डिफेन्डर भूपू सैनिकका सक्षम शाही र उत्कृष्ट फरवार्ड ज्ञानोदयका सुशान्त गुरुङ रहे ।

उत्कृष्ट प्रशिक्षक भूपू सैनिकका प्रदीप क्षेत्री रहे भने सर्वोत्कृष्ट खेलाडी भूपू सैनिककै दीपक रहे । यस्तै, फेयर प्ले अवार्ड एभरग्रीनले पायो ।

# सिटिविरुद्ध आर्सनल विजयी

**काठमाडौं (एजेन्सी)**– इंग्लिस प्रिमियर लिगमा आइतबार राति म्यानचेस्टर सिटीले लज्जास्पद हार व्यहोरेको छ । सिटीलाई आर्सनलले ५-१ ले हराएको हो । यो जितसँगै आर्सनलले शीर्ष स्थानको लिभर पुलसँगको दुरी घटाएको छ ।


आर्सनललाई जित दिलाउन मार्टिन ओडेगोर्ड, थोमस पार्टे, मेल्स लेविस स्केली, काई हार्भेट्ज, इथान नोनेरीले गोल गरे । सिटीका एर्लिङ हालान्डले गोल गरे ।

ओडेगार्डले दोस्रो मिनेटमा नै गोल गरेका थिए । ५५ औं मिनेटमा हालान्डले बराबरी गोल गर्दै सिटीलाई खेलमा फर्काए पनि त्यसको एक मिनेटमै पार्टेले गोल गर्दै आर्सनल २-१ को स्थितिमा पुऱ्याए । त्यसपछि सिटी सम्हालिएर खेलमा फर्किन सकेन ।

स्केलीले ६२ औं मिनेटमा गोल गरे । ७६ औं मिनेटमा हार्भेट्ज र इन्ज्युरी समयको तेस्रो मिनेटमा नोनेरीले गोल गरेपछि आर्सनलको जित सहज बन्यो । २४ खेलमा दोस्रो स्थानको आर्सनलको ५० अंक छ । एक खेल कम खेलेको लिभरपुलको ५६ अंक छ । सिटी ४१ अंकसहित चौथो स्थानमा छ ।

अर्को खेलमा म्यानचेस्टर युनाइटेडले हार व्यहोरेको छ । युनाइटेड आइतबार घरेलु मैदान ओल्ड ट्राफोर्डमा क्रिस्टल प्यालेससँग २-० ले पराजित भएको हो ।

# ओपनएआईद्वारा च्याटजिपिटीका लागि नयाँ 'डिप रिसर्च' टुल घोषणा




**टोकियो-** चीनको डिपसिक च्याटबटले एआई क्षेत्रमा प्रतिस्पर्धा तीव्र पारेसँगै अमेरिकी टेक दिग्गज ओपनएआईले सोमबार टोकियोमा उच्चस्तरीय बैठकहरू अघि 'डिप रिसर्च' नामक च्याटजिपिटी टुल सार्वजनिक गरेको छ।

आर्टिफिसियल इन्टेलिजेन्स (कृत्रिम बौद्धिकता-एआई) को नवागन्तुक डिपसिकले सिलिकन भ्यालीलाई तरंगित पारेको छ। केहीले यसको उच्च कार्यसम्पादन र कथित कम लागतलाई अमेरिकी डेभलपरहरूका लागि जागरण आह्वान भनेका छन् । ओपनएआईको नयाँ टुलले 'एउटा मानिसलाई धेरै घन्टा लाग्ने कामलाई १० मिनेटमै पूरा गर्छ।' यसको च्याटजिपिटीले सन् २०२२ मा जनचेतनामा जेनेरेटिभ एआईको उदयलाई अगाडि बढाएको थियो।

'तपाईंले यसलाई एउटा प्रम्प्ट दिनुहोस् र च्याटजिपिटीले सयौं अनलाइन स्रोतहरू खोज्ने, विश्लेषण गर्ने र संश्लेषण गरी अनुसन्धान विश्लेषकको स्तरको व्यापक प्रतिवेदन तयार गर्ने छ,' कम्पनीले विज्ञप्तिमा भन्यो।

प्रत्यक्ष प्रसारण गरिएको भिडियोमा ओपनएआई शोधकर्ताहरूले कसरी उपकरणले जापानमा हिउँको छुट्टीका लागि स्की उपकरणहरू सिफारिस गर्न मद्दत गर्न वेब खोजी डेटालाई क्रन्च गर्न सक्छ भनेर देखाएका थिए। ओपनएआईका प्रमुख साम अल्टम्यानले 'प्रो' च्याटजिपिटी प्रयोगकर्ताहरूले महिनामा १०० पटक पहुँच गर्न सक्ने गहन अनुसन्धान 'गणना-गहन र ढिलो' भएको थियो।

'तर यस्तो विस्तृत प्रकारका जटिल, मूल्यवान कार्यहरू गर्न सक्ने यो पहिलो एआई प्रणाली हो,' उनले सामाजिक मिडिया प्लेटफर्म एक्समा लेखे। अल्टम्यान टोकियोमा छन् । टोकियामा उनले सोमबार जापानका प्रधानमन्त्री शिगेरु इशिबा र जापानी टेक लगानी दिग्गज सफ्टब्यांक ग्रुपका प्रमुख मासायोशी सनसँग भेटेका छन्।

**चीनको डिपसिकविरुद्ध मुद्दा हाल्ने "कुनै योजना छैन": अल्टम्यान**

यसैबीच ओपनएआईका प्रमुख साम अल्टम्यानले सोमबार अमेरिकी कम्पनीको चिनियाँ स्टार्टअप डिपसिकमाथि मुद्दा हाल्ने कुनै योजना नभएको बताएका छन् । डिपसिकले सिलिकन भ्यालीलाई यसको शक्तिशाली र स्पष्ट रूपमा सस्तो रूपमा विकसित च्याटबटले हल्लाएको थियो।

च्याटजिपिटी निर्माता ओपनएआईले गत हप्ता चिनियाँ कम्पनीहरूले सक्रियरूपमा उनीहरूको उन्नत एआई मोडेलहरूको प्रतिलिपि बनाउने प्रयास गरिरहेको चेतावनी दिएको थियो । 'होइन, हामीसँग अहिले डिपसिकलाई मुद्दा हाल्ने कुनै योजना छैन । हामी राम्रा उत्पादनहरू बनाउन र मोडेल क्षमतामा विश्वको नेतृत्व गर्न जारी राख्ने छौं र मलाई लाग्छ त्यो ठीक हुने छ,' अल्टम्यानले टोकियोमा पत्रकारहरूलाई भने, 'डिपसिक निश्चय नै एक प्रभावशाली मोडेल हो तर हामी विश्वास गर्छौं कि हामी सीमाहरू पार गर्न र राम्रा उत्पादनहरू दिन जारी राख्ने छौं, त्यसैले हामी अर्को प्रतिस्पर्धी पाएकोमा खुसी छौं, हामीले पहिले धेरै पाएका छौं र मलाई लाग्छ कि हामी अगाडि बढ्न र नेतृत्व जारी राख्नु सबैको हितमा छ।'

डिपसिकको प्रदर्शनले एआई पावरिङ च्याटजिपिटी जस्ता अग्रणी अमेरिकी प्रविधिको क्षमतालाई रिभर्स-इन्जिनियरिङ गरेको आरोपको लहर निम्त्याएको छ । ओपनएआईका अनुसार प्रतिस्पर्धीहरूले डिस्टिलेसन नामक प्रक्रिया प्रयोग गरिरहेका छन् जसमा शिक्षकबाट सिक्ने विद्यार्थी जस्तै साना मोडेलहरू बनाउने डेभलपरहरूले ठूला मोडेलहरूको व्यवहार र निर्णय-निर्माण ढाँचाहरूको नक्कल गरेर सिक्छन् ।

तर कम्पनी आफैंले बौद्धिक सम्पत्ति उल्लंघनका धेरै आरोपहरूको सामना गरिरहेको छ । मुख्यतया यसको जेनेरेटिभ एआई मोडेलहरूको प्रशिक्षणमा प्रतिलिपि अधिकारयुक्त सामग्रीको प्रयोगसँग सम्बन्धित छ। *रासस/एएफपी*

# युएसएआइडीको विरोधमा ट्रम्प र मस्क

**वासिङ्टन-** अर्बपति एलन मस्कले अमेरिकी अन्तर्राष्ट्रिय विकास एजेन्सीलाई आइतबार 'आपराधिक संगठन' भनेका छन् । त्यस्तै राष्ट्रपति डोनाल्ड ट्रम्पले एजेन्सी 'कट्टर पागलहरूद्वारा सञ्चालित' भएको दाबी गर्दै यसको भविष्यबारे विचार गरिरहेको बताएका छन्।

विदेशमा मानवीय सहायता प्रदान गर्ने जिम्मेवारी पाएको एजेन्सीमाथिको आक्रमणले ट्रम्पको सरकारी विभागहरूलाई उल्टचाउन र जोडीले व्यर्थको आधिकारिक खर्च र अधिकार क्षेत्र मान्ने कुराको विरोध गर्न मस्कलाई अभूतपूर्व शक्ति दिने कदममा एउटा महत्त्वपूर्ण नयाँ मोर्चालाई चिह्न लगाएको छ।

'युएसएआइडी एक आपराधिक संगठन हो,' राष्ट्रपतिको सबैभन्दा शक्तिशाली समर्थक बनेका टेस्ला र स्पेसएक्सका अर्बपति मालिक मस्कले आफ्नो एक्स प्लेटफर्ममा युएसएआइडीलाई 'दुष्ट सिआइए काम' मा संलग्न भएको आरोप लगाउने भिडियोको जवाफ दिँदै लेखेका छन्।

त्यसपछिको पोस्टमा मस्कले कुनै प्रमाण नदिई आफ्ना २१ करोड ५० लाख एक्स फलोअर्सलाई सोधे, 'के तपाईंलाई थाहा छ कि युएसएआइडीले तपाईंको कर डलर प्रयोग गरेर कोभिड-१९ लगायत जैविक हतियार अनुसन्धानलाई वित्त पोषित गऱ्यो, जसले लाखौं मानिसको ज्यान लियो ?'

उनले यी आरोपहरूबारे थप व्याख्या गरेनन् । यसलाई अघिल्लो प्रशासनका अधिकारीहरूले रुसी दुष्प्रचार अभियानसँग जोडेका थिए । 'युएसएआइडी कट्टरपन्थी पागलहरूद्वारा सञ्चालित छ र हामी तिनीहरूलाई बाहिर निकाल्दै छौं...र त्यसपछि हामी (यसको भविष्यका बारेमा) निर्णय गर्ने छौं,' ट्रम्पले विस्तृत विवरण नदिई आइतबार भने।

उनले अर्बपति मस्कप्रति आफ्नो समर्थनलाई जोड दिँदै आइतबार राति पत्रकारहरूलाई भने, 'मैले मस्कले राम्रो काम गरिरहेको महसुस गरें।' ट्रम्पले सुरुमा सबै सहायता खर्चलाई तीन महिनाका लागि रोके । यद्यपि उनले पछि खाद्यान्न र अन्य मानवीय सहायता जारी राख्न छुट दिए । सहायता कार्यकर्ताहरूले स्वतन्त्र एजेन्सीका रूपमा संगठनको भविष्य सुनिश्चित नभएकोले अनिश्चितता छाएको बताएका छन्।

कंग्रेसको एउटा ऐनद्वारा स्थापित स्वतन्त्र एजेन्सी युएसएआइडीले विश्वभर मानवीय राहत र विकास सहायताका लागि ४२ अर्ब ८० करोड डलरको बजेट व्यवस्थापन गर्दछ। अमेरिकास्थित संगठनका एकजना वरिष्ठ अधिकारीले 'आपत्कालीन' सहायताको प्राथमिकतालाई वासिङ्टनले अरू कुनै पनि कुराका लागि कोष बन्द गर्ने व्यापक योजनाको हिस्सा भएको डर व्यक्त गरे।

ट्रम्प युएसएआइडीलाई विदेश विभागमा राख्न चाहन्छन् भन्ने पनि खबर आएको छ। वासिङ्टन समयअनुसार सोमबार मध्यरातमा आफ्नो एक्स प्लेटफर्ममा आयोजित कुराकानीका क्रममा मस्कले भने, 'यसलाई (युएसएआइडी) बन्द गर्न हामी सहमत भएका छौं भनेर बुझ्दा हुन्छ।' *रासस/एएफपी*


## युएइमा रोजगार
कम्पनी : DUTEST INSPECTION SERVICES LLC

पूर्व स्वीकृति मिति : २०८१/१०/२० | LT. No. 318173 | चलानी नं. ६०२३२३४२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Sales Officer | 0 | 1 | 2000 | ७६,४३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ माघ २९ गते (11th Feb. 2025) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Munal Overseas Pvt. Ltd.** श्रम इजाजत नं. ४६५/०६०/०६१
Kalamatidole, Airport, Ktm, Nepal. Tel.: +977-01-4561297, 4562046, 9806758605

## युएइमा रोजगार
कम्पनी : BOOSSE FOR CARPENTRY & FLOORING CONTRACTING CO. L.L.C

पूर्व स्वीकृति मिति : २०८१/१०/२० | LT. No. 318195 | चलानी नं. ६०२३२३७६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Plumber Assistant | 4 | 0 | 1200 | ४५,८६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Reinforce Fitter (Steel Fixer) | 4 | 0 | 1200 | ४५,८६० | | | | | | | |
| 3 | Stone Mason | 4 | 0 | 1200 | ४५,८६० | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ माघ २९ गते (11th Feb. 2025) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


**MASHAREQ INTERNATIONAL OVERSEAS PVT.LTD**
Sinamangal-9, Kathmandu, Nepal, Tel: +977-1-4599763, 458335, 985-1018169
Email: mashareqoverseas@gmail.com, Website: www.mashareqoverseas.com.np

## युएइमा रोजगार
कम्पनी : Ocean7 Recruitment - Sole proprietorship L.L.C.

पूर्व स्वीकृति मिति : २०८१/०७/२५ | पुन विज्ञापन स्वीकृति मिति : २०८१/१०/२१ | LT. No. 313301 | चलानी नं. ६०२२७७४२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Building Labour | 100 | 0 | 800 | ३०,५७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Construcion Carpenter | 35 | 0 | 1200 | ४५,८६० | | | | | | | |
| 3 | Mason | 30 | 0 | 1200 | ४५,८६० | | | | | | | |
| 4 | Steel Fixer | 35 | 0 | 1200 | ४५,८६० | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ माघ २९ गते (11th Feb. 2025) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


**Max Employment Center Pvt. Ltd.** श्रम इजाजत नं. १५३१/०७८/०७९
Bijay Chowk-9 Kathmandu , Nepal, Phone: +977-1-4481066
Email: maxecenter@gmail.com /www.maxecenter.com

## युएइमा रोजगार
कम्पनी : AL ISLAH AL JADEED TECHNICAL SERVICES

पूर्व स्वीकृति मिति : २०८१/१०/२० | LT. No. 318169 | चलानी नं. ६०२३२३५८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Gen Plumber | 3 | 0 | 1200 | ४५,८६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | General Pipes Fitter | 3 | 0 | 1200 | ४५,८६० | | | | | | | |
| 3 | Welder | 5 | 0 | 1200 | ४५,८६० | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ माघ २९ गते (11th Feb. 2025) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


**GREAT NEPAL H.R PVT.LTD.** Govt. License No. 1688/080/081
Chundevi-04, Kathmandu, Nepal, Ph. No: 01-4547074, Mobile: 9705000446/9705000447
/9705000448/9705000449, E-mail : infogreatnepalhr@gmail.com, Web: www.greatnepalhr.com.np

## साउदीमा रोजगार
कम्पनी : Golden Yeast Bakery for Pastries

पूर्व स्वीकृति मिति : २०८१/१०/२० | LT. No. 318114 | चलानी नं.६०२३२३५०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | BAKERY COOK | 1 | 0 | 1500 | ५६,१४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : Kill Plus Restaurant for Serving Meals

पूर्व स्वीकृति मिति : २०८१/१०/२० | LT. No. 318115 | चलानी नं.६०२३२३४८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | FOOD DRYER | 2 | 0 | 1200 | ४४,९१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ माघ २९ गते (11th Feb. 2025) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


**BELIEVABLE OVERSEAS PVT.LTD.** Govt. License No. 1283/074/75
Mahaharajgunj, Sallaghari, Kathmandu, Nepal, Contact: 01-4378500 , 014017815, E-mail : believableoverseas@gmail.com

## साउदीमा रोजगार
कम्पनी : COASTAL LINES CONTRACTING COMPANY

पूर्व स्वीकृति मिति : २०८१/१०/२० | LT. No. 318198 | चलानी नं. ६०२३२३५५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Equipment Operator | 1 | 0 | 2700 | १०१,०५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ माघ २९ गते (11th Feb. 2025) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


**Broadway Overseas Employment Service Pvt. Ltd.** Govt. License 378/059/060
Gaushala, Pingalasthan, Ktm, Nepal. Tel. : +977 1 4475367/4475368, Mobile: 9851116030, 985-1023153, 9810318569, 9851149772, 9851071774

## युएइमा रोजगार
कम्पनी : AL MADINA FRESH MART - LLC

पूर्व स्वीकृति मिति : २०८१/१०/२० | LT. No. 318148 | चलानी नं. ६०२३२३९०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Male Cleaners | 10 | 0 | 800 | ३०,५७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Sales Girls | 0 | 30 | 1200 | ४५,८६० | | | | | | | |
| 3 | Sales Man | 30 | 0 | 1200 | ४५,८६० | | | | | | | |
| 4 | Stock Boy /shop Store Worker | 30 | 0 | 1200 | ४५,८६० | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ माघ २९ गते (11th Feb. 2025) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


**FRONTLINE RECRUITMENT PVT.LTD.**
Sinamangal-9, Kathmandu, Nepal, Telephone: 01-4593645, 4593646, 4593647, Mob: 9851100134, 9818819581, 9804705263, Email: info@manpoweragencynepal.com

## युएईमा रोजगार
कम्पनी : DHCN CONSTRUCTION L.L.C

पूर्व स्वीकृति मिति : २०८१/०७/२० | पुन विज्ञापन स्वीकृति मिति : २०८१/१०/२१ | LT. No. 313170 | चलानी नं. ६०२२७५६३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Administrative Officer | 10 | 0 | 2000 | ७६,४३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Brick Mason | 14 | 0 | 1200 | ४५,८६० | | | | | | | |
| 3 | Building Painter | 50 | 0 | 1200 | ४५,८६० | | | | | | | |
| 4 | Carpenter/ Construction Carpenter | 17 | 0 | 1200 | ४५,८६० | | | | | | | |
| 5 | Pipeline Pumps Operator | 15 | 0 | 1500 | ५७,३२५ | | | | | | | |
| 6 | Plumber | 43 | 0 | 1200 | ४५,८६० | | | | | | | |
| 7 | Plumber Assistant | 10 | 0 | 1200 | ४५,८६० | | | | | | | |
| 8 | Tile Layer | 7 | 0 | 1200 | ४५,८६० | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ माघ २९ गते (11th Feb. 2025) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


**GLOBAL RELIANCE OVERSEAS SERVICES PVT. LTD** License No.: 832/066/67
Samakhusi-26, Townplanning (Near Swimming Pool) Kathmandu, Mobile: 9861045857, 9861477936
Tel: +977-1-4960523,4957731, Email : greliance010@gmail.com, globalreliance03@gmail.com


## मादी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
**ओखरबोटे, संखुवासभा**
**कोशी प्रदेश, नेपाल**
**नदीजन्य पदार्थबाट आन्तरिक आय तर्फ**

### शिलबन्दी दरभाउपत्र आह्वान सम्बन्धी ७ दिने सूचना

**दोस्रो पटक प्रकाशित मिति: २०८१।१०।२१**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा (११) घ (१) घ (२) र घ (६) समेतमा भएको व्यवस्था, प्रारम्भिक वातावरणीय परिक्षण (IEE) प्रतिवेदन, जिल्ला समन्वय समितिको ढुंगा, गिट्टी, वालुवा, उत्खनन्, संकलन, क्रसिङ र बिक्री वितरण तथा क्रसर उद्योग स्थापना र सञ्चालनलाई व्यवस्थापन गर्ने कार्यविधि २०७५ मा भएको व्यवस्था तथा मादी नगरकार्यपालिकाको निर्णयानुसार देहायका शिर्षकहरूमा कर तथा स-शुल्क असुली सम्बन्धी काम आ.व. २०८१।०८२ को लागि ठेक्काद्धारा गराउन यो सूचना प्रकाशित गरिएको छ । सूचना प्रकाशित भएको मितिले तोकिएको म्यादभित्र कानूनी प्रक्रिया पूरा गरेका योग्य व्यक्ति वा फर्म/कम्पनीहरूले स्वीकृत शिलबन्दी दरभाउपत्रको ढाँचा खरिद गरी रित पूर्वक शिलबन्दी दरभाउपत्र पेश गर्नहुन अनुरोध छ । अन्य विस्तृत जानकारीको लागि यस कार्यालयमा सम्पर्क राख्न सकिने छ ।

**आन्तरिक आय ठेक्का विवरण**

| आय ठेक्का नं. | आयको विवरण | आ.व. २०८१/०८२ का लागि कायम न्यूनतम अंक मू.अ. कर बाहेक | संकलन र उत्खनन् गर्न पाउने अधिकतम परिमाण (वार्षिक) | शिलबन्दी दरभाउपत्र फारम दस्तुर | धरौटी जमानत रकम जम्मा गर्ने खाता: MADI MUNICIPALITY – DHARAUTI KHATA 06007632080034 |
|---|---|---|---|---|---|
| MM/SQ/ 01/081/082 | मादी नगरपालिका क्षेत्र अर्न्तगत अवस्थित माया र पिलुवा खोला क्षेत्र, IEE मा उल्लेखित क्षेत्रहरूबाट संकलन तथा उत्खनन् शुल्क | रू. ४७०१०६।०० | ७२३२४ घ. फि. | रू. १,०००।- | रू. ११७५३।०० |
| MM/SQ/ 02/081/082 | मादी नगरपालिका क्षेत्र अर्न्तगत अवस्थित यावरा खोला क्षेत्र (IEE मा उल्लेखित क्षेत्रहरूबाट संकलन तथा उत्खनन् शुल्क | रू. ५७३३००।०० | ८८२०० घ. फि. | रू. १,०००।- | रू. १४३३५।०० |


## वर्गीकृत विज्ञापन संकलन काउन्टर

पशुपति विज्ञापन सेवा - सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२१९६६५८र९८४२६३५८१५ । लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१ । ध्रुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१। Reachmond Books Shop (रोहित दाहाल) - फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट। Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217। दन्तकाली स्टेशनरी - नयाँबसपार्क फोन नं. ९८१३९६०७४६। सारीका स्टेशनरी पसल - फोन नं. ९८५११२९६८६। ज्ञान्जयोति पुस्तक पसल बागबजार, फोन नं. ४२४००६०। विश्व स्वतन्त्र सञ्चार- सुन्धारा, फोन नं. ४२१९४१२। निशा बुक्स एण्ड स्टेशनरी - लगनखेल, ५५३१९५७, ९८४१६२७४८९। बीडलिंक मिडिया प्रा.लि. - पुरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४। हिमचुली स्टेशनरी- बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३। मलः स्टेशनरी- गठ्ठाघर ठिमी, फोन नं. ६६३०७५७। B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी- विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर- कलंकी चोक फोनः ०१-४२७६५३०, फयाक्सः०१-४२७१३२२। दाजुभाइ स्टेशनरी - पिंगलास्थान, गौशाला, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफयाक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेशनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४।

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
| --- | --- | --- |
| प्रति तोला – १६२८०० | प्रति तोला – ० | प्रति तोला – १८९५ |



**भेरीको बेलिब्रिज** | सुर्खेतको सिम्ता गाउँपालिकोको राकम र सल्यानको वनगाड कुपिण्डे नगरपालिकाको बीचमा रहेको भेरी नदीको बेलिब्रिज पुल । यहाँ पक्की पुल नहुँदा ठुला सवारी साधनमा ढुवानी गर्न समस्या हुँदै आएको छ । *तस्बिर : हेमन्त केसी/रासस*

## ‘कृषिमा आधुनिकीकरण गर्न जरूरी छ’

■ प्रभाव संवाददाता

**लमजुङ–** सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरूङले गाउँको विकासको लागि कृषिमा आधुनिकीकरण गर्न जरूरी रहेको बताएका छन् ।

लमजुङ मर्स्याङ्दी गाउँपालिका-८ मा रहेको सिमलचौर भूमिगत सिँचाइअन्तर्गत बोरिङ उद्घाटन गरेपछि मन्त्री गुरूङले स्थानीयमा खेतीपाती र उत्पादनमा जोड दिन आग्रह गरे ।

पूर्वाधार बनाउने काम सरकारको भएको र विकासको गतिविधि गर्ने काम जनताको भएको बताउँदै मन्त्री गुरूङले चालु आर्थिक वर्षमा लमजुङको घरघरमा टेलिफोन र इन्टरनेट पुऱ्याउने प्रतिबद्धता जनाए ।

बोरिङ सिँचाइ सञ्चालनमा आएपछि यसको भरपुर सदुपयोग गर्न समेत आग्रह गर्दै सरकारका प्रवक्ता समेत रहनुभएका मन्त्री गुरूङले वर्तमान सरकारले जनताको हितमा थुप्रै कदम चाल्दै गएको जानकारी दिए । उनले बिग्रिएको र भत्किन लागेको मुलुकलाई सुधार्न दुई ठूला दल गठबन्धनमा आएकाले सरकार ढल्छ कि ढल्दैन भन्ने विषयमा चिन्ता नगर्न समेत आग्रह गरे ।

विगतका सरकारले देशमा अस्थीरता सिर्जना गरेको टिप्पणी गर्दै मन्त्री गुरुङले भने, ‘राजनीतिक अस्थिरताले गर्दा सरकारपिच्छे बजेट आए । राम्रोसँग राजस्व उठेन, खर्च हुन पनि सकेन, यी सबै समस्या समाधान गर्न अहिलेको सरकारले अभ्यास गरिरहेरको छ ।’ बर्खेपानीको भरमा खेती गर्नुपर्ने अवस्था अहिले बोरिङ आएपछि समाधान हुने मन्त्री गुरुङको भनाइ छ ।

वडा ८ का अध्यक्ष धनसिंह तामाङले पानीको अभावले थुप्रै खेतबारी बाँझै रहने गरेको उल्लेख गर्दै बोरिङ सञ्चालनमा आएपछि खेती गर्न सहज हुने विश्वास व्यक्त गरे । स्थानीय उपभोक्ता पञ्चकली गुरूङले सिमलचौर गाउँको सिँचाइको लागि बोरिङ सहयोगसिद्ध हुने विश्वास व्यक्त गरे । बोरिङ सञ्चालन भएसँगै एक सय ५० भन्दा बढी घरधुरीले खेती गर्नसक्ने सुविधा प्राप्त गर्नेछन् ।

## छपेली माझखण्ड केवलकारले दक्षिणी ललितपुरको पर्यटन प्रवर्द्धन गर्ने

**पाटन (ललितपुर) (प्रस)–** प्रतिनिधिसभा सदस्य उदयशम्शेर राणाले जिल्लाको पर्यटनलाई पाटनमा मात्र सीमित राख्न नहुने बताए । ललितपुरको दक्षिणी भेग पनि पर्यटनका दृष्टिले आकर्षक गन्तव्य हुनसक्ने उनले बताए ।

माझखण्ड पर्यटन परियोजना अन्तर्गत डेस्टिनेशन माझखण्ड प्रालिले सञ्चालनमा ल्याउन लागेको छपेली माझखण्ड केवलकार शिलान्यास कार्यक्रममा बोल्दै प्रतिनिधिसभा सदस्य राणाले उक्त योजनालाई बुद्धिमताकासाथ अगाडि बढाउन सुझाव दिए । उनले यसक्षेत्रको जनजीविका, रहनसहन, कृषि उद्योग र पशुपालन नै आकर्षणको केन्द्र बनाउन सकिने बताए ।

‘पर्यटनमा यहाँको सम्भावना प्रवल छ, सबै राजनीतिक दल, जनप्रतिनिधि प्रतिबद्धता भएर व्यावसायिक रूपमा बजारीकरण गर्नुपर्छ’, उनले भने । उनले अर्को बर्षसम्म कान्ति लोकपथ पूर्णरूपमा सञ्चालनमा आउने बताउँदै यहाँका सात वटा पहिरोको जोखिम न्यूनिकरण गर्न जाइकालगायतको सक्रियतामा सर्भे भइरहेको जानकारी दिए । बागमती प्रदेशसभा सदस्य मधुसूदन पौडेलले पर्यटन प्रवर्द्धनका लागि सुरु गरिएको उक्त योजनाको पूर्ण सफलताको कामना गरे ।

नेकपा (माओवादी) केन्द्रका केन्द्रीय सदस्य एवम् ललितपुर इन्चार्ज हरि दाहालले काम गर्न खोज्दा धेरै दुख र अल्झनहरू आउन सक्ने बताउँदै ललितपुरको रमणीय ठाउँको मुहार फेर्नमा महत्वपूर्ण काम हुने विश्वास व्यक्त गरे ।

डेस्टिनेशन माझखण्ड प्रालिका अध्यक्ष गोपाल सञ्जेलले पर्यटन क्षेत्रको विकास र विस्तारका लागि गाउँपालिकासँग समन्वय गरेर काम गर्ने बताए । बागमती गाउँपालिकाको वडा नं. ३ बाट वडा नं. ५ माझखण्ड जोड्ने केवलकारको दुरी दुई दशमलव आठ किलोमिटर रहने छ । कम्पनीका अनुसार एक अर्ब २० करोड लगानीमा केवलकारका साथै होटल, फनपार्कलगायत सञ्चालन हुने जनाइएको छ । आगामी एक बर्ष छ महिनामा निर्माण सम्पन्न गर्ने लक्ष्य कम्पनीको छ ।

## बजेट खर्च बढाउने गरी काम गर्न प्रदेश प्रमुखको आग्रह

■ प्रभाव संवाददाता

**कर्णाली–** कर्णाली प्रदेश प्रमुख यज्ञराज जोशीले कर्णालीमा बजेट खर्च बढाउने गरी काम गर्न सुझाव दिएका छन् । कर्णाली प्रदेशसभाको सातौं स्थापना दिवस-२०८१ को अवसरमा सुर्खेतको वीरेन्द्रनगरमा आयोजित कार्यक्रममा उहाँले लक्ष्यअनुसार चालु आर्थिक वर्षको बजेट खर्च खर्च गर्न सबै निकाय गम्भीर भएर लाग्न उनले आग्रह गरे ।

‘बजेट खर्च किन हुन सक्दैन । यस विषयमा बेलैमा ध्यान दिउँ र यहाँको विकासमा निम्ति सबै एकजुट भएर लागौं । पर्याप्त स्रोतसाधन छैन तर भएकै स्रोत पनि खर्च गर्न सक्दैनन् भनेर प्रश्न उठ्न दिनुहुँदैन’, प्रदेश प्रमुख जोशीले भने ।

उनले विकास सबैको साझा मुद्दा भएकाले एकताबद्ध भई जाँगरका साथ अगाडि बढे परिवर्तनको अनुभूति गराउन सकिने धारणा राखे । ‘यहाँ थुप्रै सम्भावना छन् । पेट्रोलियम पदार्थको सम्भावनाका बारेमा पनि चर्चा भइरहेको छ । यसर्थ यी सबै सम्भावनालाई साकार गर्न सबै दल, कर्मचारी र सरोकार भएकाहरू दत्तचित्त भएर लाग्नुपर्छ’, प्रदेश प्रमुख जोशीको भनाइ छ ।

प्रदेशका मुख्यमन्त्री यामलाल कँडेलले कानुनी दायित्व सिर्जना भएका आयोजनामा प्रदेश सरकारले चालु आवमा ७० प्रतिशत बजेट विनियोजन गरेको बताए । विगतका काममा ढिलाई गरेका केही निर्माण व्यवसायीबाहेक सबै सम्पर्कमा आएर काम अगाडि बढाइएको उनले जानकारी दिए । मुख्यमन्त्री यामलाल कँडेलले प्रदेश सरकारले बजेट कार्यान्वयनलाई प्राथमितामा राखेर योजना अगाडि बढाएको बताए ।

कार्यक्रममा नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) कर्णाली प्रदेशसभा संसदीय दलका नेता एवं पूर्वमुख्यमन्त्री राजकुमार शर्माले नेपाली जनताको त्याग र संघर्षबाट प्राप्त संविधान र व्यवस्था कार्यान्वयनका लागि पनि साझा बुझाई आवश्यक भएको बताए । समन्वयात्मक प्रणालीअनुसार संघीयता कार्यान्वयन गर्ने भनिए पनि केन्द्रीकृत मानसिकताले प्रदेश सरकार प्रभावित हुँदा अपेक्षित गति नदेखिएको उनको भनाइ थियो ।

कर्णाली प्रदेशसभाका सभामुख नन्दा गुरुङ र उपसभामुख यशोदा न्यौपाने प्रदेशसभाका सात वर्षमा भएका गतिविधि, सरकार, सदनबीच सम्बन्ध र उपलब्धिका विषयमा आफ्नो भनाइ राखे । प्रदेश सकारका मन्त्रीहरू, प्रदेशसभा सदस्य, उच्च अदालत सुर्खेतका वरिष्ठ न्यायाधीश कृष्णलाल भट्टराई, कर्णाली प्रदेश सरकारका प्रमुख सचिव लोकनाथ पौड्यालगायत सहभागी कार्यक्रम प्रदेशसभाको स्मारिका विमोचन गरिएको थियो ।

## स्थानीय उत्पादनको प्रवर्द्धन गर्दै रामपुर नगरपालिका

■ प्रभाव संवाददाता

**रामपुर (पाल्पा)–** रामपुर नगरपालिकाले आत्मनिर्भर बनाउनका लागि ज्ञान, सीप सिकाउने मात्र नभई उत्पादित सामग्रीलाई पनि बजारीकरण तथा प्रवर्द्धनमा सघाइरहेको छ । नगरभित्रका महिला उद्यमीले उत्पादन गरेका वस्तुलाई यहाँ चलेको रामपुर मेलामा नगरपालिकाले बिक्री-वितरण तथा प्रवर्द्धन कार्य गरिरहेको छ ।




नगरपालिकाले बिक्रीकक्ष तयार पारेर मेलामा स्थानीय उत्पादनका विभिन्न सामग्रीलाई राख्ने व्यवस्था मिलाएको छ । रामपुर उद्योग वाणिज्य सङ्घको आयोजनामा भइरहेको चौथो रामपुर महोत्सव तथा व्यापार मेलाका अवसरमा बिक्री कक्षमा राखिएका स्थानीय सामग्री अवलोकनकर्ताको आकर्षण बनिरहेको छ । मेला अवलोकन गर्न आउनेले स्थानीय उत्पादन भएकाले आकर्षक मान्दै जानकारी लिने र सामान खरिद गर्ने गरेको नगरपालिकाको महिला तथा बालबालिका शाखा प्रमुख पुजा परियारले बताइन् ।

‘नगरपालिकाभित्र महिलाले उत्पादन गरेका सामग्रीको प्रचार-प्रसार गर्न, बजारीकरणमा सहयोग होस् भन्ने उद्देश्यले बिक्रीकक्षमा राखेका छौं’, उनले भने, ‘बिक्री कक्षमा कर्मचारी तथा उद्यमी पालो मिलाएर बस्ने गरिएको छ, यसले महिला उद्यमीमा एउटा उत्साह थपिएको छभने रामपुरको उत्पादन यहाँ आउने दर्शकले अवलोकन, खरिद गर्ने गर्नुभएको छ ।’

बिक्रीकक्षमा कफी, साबुन (नुहाउने, लुगाधुने, भाँडा सफा गर्ने), आलुचिप्स, रोटी, दुनाटपरी, फिनेल, ह्यान्डवास, पिताम्बरी, मकैको खोस्टा र थाकलको पातबाट तयार पारिएका टोपी, झोलालगायत स्थानीय सामग्री प्रदर्शनी कक्षमा राखिएको नगरपालिकाका कर्मचारी सञ्जु परियारले बताइन् । उनका अनुसार मकैको खोस्टा र थाकलको पातबाट बनेका सामान नौलो भएकाले मेलामा आउने दर्शक तथा अतिथि, कलाकारले अवलोकन गर्ने, बुझ्ने गरेका छन् । न्यूनतम रु ५० देखि बढीमा रु एक हजार ५०० सम्म मूल्य पर्ने सामग्री प्रदर्शनीकक्षमा छन् ।

स्थानीय तहमा जनप्रतिनिधिको नेतृत्व आइसकेपछि नगरपालिकाले महिलालाई आत्मनिर्भर बनाउन विभिन्न सीपमूलक तालिम आयोजना गरी उद्यमी उत्पादन गरेको छ । नगरपालिकाको सहयोगमा ज्ञान सीप सिकेर विभिन्न व्यवसाय तथा उद्योग सञ्चालन गरिरहेका छन् । महिलालाई सीप सिकाएर उद्यमीका रूपमा विकास गरिनुपर्छ भन्ने हिसाबले विभिन्न तालिम तथा कार्यक्रममा जोड दिने गरेको नगर उपप्रमुख बालकुमारी थापा बताउँछिन् । स्थानीय उत्पादनलाई बजारीकरणका लागि नगरपालिकाले उपप्रमुख कोसेली घर सञ्चालनमा ल्याएको उपप्रमुख थापा बताउँछन् ।

एकल वा संयुक्त तथा समूहमा व्यवसाय गर्न चाहने महिलालाई सूचना जारी गरी हरेक वर्ष उद्यमी उत्पादन गर्ने खालका विभिन्न कार्यक्रममा सहभागी गराइने गरिएको छ । तालिमपश्चात् व्यवसाय, उद्योग चलाउनका लागि नगरपालिकाले आर्थिक तथा विभिन्न उपकरणजन्य सामग्री सहयोग गरिरहेको छ । नगरपालिकाको सहयोगमा उद्यमी तथा व्यवसायी बन्न चाहनेले भने नगरपालिकामा आफ्नो उद्योग, व्यवसाय दर्ता गर्नुपर्ने हुन्छ ।

## नेप्से परिसूचकमा झिनो अंकको सुधार

■ प्रभाव संवाददाता




**काठमाडौं–** यस साता कारोबारको पहिलो दिन उच्च अङ्कले बढेको नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा सोमबार भने झिनो अङ्कको मात्रै वृद्धि देखिएको छ । नेप्से परिसूचक दुई दशमलव ४१ अङ्कले बढेर दुई हजार ७३० को विन्दुमा कायम भएको हो ।

३१७ कम्पनीको दुई करोड ३७ लाख ७० हजार ३४८ कित्ता शेयर एक लाख ११ हजार ९१८ पटक खरिदबिक्री हुँदा रु ११ अर्ब ८७ करोड ५९ लाख ६७ हजार बराबरको कारोबार भएको छ ।

कारोबारमा बैङ्किङ शून्य दशमलव ५४, जीवन बीमा शून्य दशमलव ६७, उत्पादन तथा प्रशोधन शून्य दशमलव २७, लघुवित्त शून्य दशमलव १०, म्युचुअल फन्ड शून्य दशमलव ७८, निर्जीवन बीमा शून्य दशमलव ८२ र व्यापार समूह शून्य दशमलव ७९ प्रतिशतले बढेको छ । अरू सबै समूहको उपसूचक घटेको छ । विकास बैङ्क शून्य दशमलव ३९, वित्त एक दशमलव ०७, होटल तथा पर्यटन शून्य दशमलव ०१, जलविद्युत् शून्य दशमलव ४८ र लगानी समूह शून्य दशमलव ४७ प्रतिशतले घटेको हो ।

उपकार लघुवित्त वित्तीय संस्था लिमिटेड र भूगोल इनर्जी कम्पनी लिमिटेडको शेयर मूल्यमा सकारात्मक ‘सर्किट’ लागेको छ । त्यस्तै, ग्रिन डेभलपमेन्ट बैङ्क र रिभर फल्स पावर लिमिटेडको शेयर मूल्यमा भने नकारात्मक सर्किट लागेको छ ।

कारोबार रकमका आधारमा सबैभन्दा धेरै एनआरएन इन्फ्रास्ट्रक्चर एन्ड डेभलपमेन्ट लिमिटेडको रु ३५ करोड ३० लाख ७५ हजार बराबरको कारोबार भएको छ । कारोबार भएका शेयर सङ्ख्याका आधारमा भने सबैभन्दा धेरै बरुण हाइड्रोपावर कम्पनी लिमिटेडको छ लाख ३४ हजार ६२० कित्ता शेयर किनबेच भएको छ ।

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्प्रेस कलर प्रेस, कार्यालयः काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्ण कार्की, सम्पादकः विष्णु तामाङ